मशाल

गोपालप्रसाद रिमाल

मसान

(सामाजिक नाटक)

गोपालप्रसाद रिमाल

साझा प्रकाशन

प्रकाशक : साझा प्रकाशन
संस्करण : सत्रौं २०५८
(साझा प्रकाशनबाट चौधौं पटक)
(५१०० प्रति)
आवरणकला : टेकवीर मुखिया
मूल्य : रु. २४।–
मुद्रक : साझा प्रकाशनको छापाखाना पुलचोक, ललितपुर
फोन : ५२१०२३, ५२२१३२, फ्याक्स ५१४२३६

परिचय

विश्वविद्यालयहरूमा प्रधान भाषासरह नेपाली पनि पढाइने भएपछि त्यस लायक पुस्तकहरू तयार पार्नुपरेकोले संवत् २००२ सालतिर ने.भा.प्र. समितिले उच्च कोटिका केही ग्रन्थहरू प्रकाशित गरेको थियो । तिनै ग्रन्थहरूमध्येको एउटा यो हो– श्री गोपालप्रसाद रिमालको मसान नाटक ।

त्यस वेला मसान नाटक नेपाली साहित्य जगत्मा एउटा नयाँ युग उदाए जस्तै गरी देखा परेको थियो । यसले नेपाली साहित्य चेतनामा क्रान्ति ल्याइदिएथ्यो । त्यति मात्र होइन, यसले त्यस वेलाको सामाजिक व्यवस्थामाथि पनि विद्रोहको बिगुल लगाएथ्यो ।

यसरी एउटै पुस्तक लेखेर प्रख्यात हुने थोरै लेखकहरूमा रिमालज्यू पर्नुहुन्छ । उहाँको अर्को पुस्तक यो प्रेम (२०१५) प्रकाशित हुनुभन्दा एक जुगअगाडि नै उहाँ नेपाली साहित्यका महारथीहरूमा दरिइसक्नुभएको थियो । नेपाली संसार यतिन्जेल उहाँले 'मसान' को उपसंहारमा वचन दिनुभएको 'अर्को नाटक' को प्रतीक्षामा थियो । त्यो प्रतीक्षा अझै पूरा भएको छैन !

रिमालज्यूको कलममा एउटा नयाँपन छ– नेपाली भाषामा सितिमिति नपाइने नयाँ स्वादको मीठोपन ! त्यही मीठोपन, त्यही मिठासले नै उहाँ यसरी लोकप्रिय हुन सक्नुभयो ! उहाँको कलममा एउटा जिउँदोपन छ– एउटा खँदिलोपन, जो खोजे पनि अरूतिर पाइदैन । त्यसैले त होला "मसानलाई साहित्यिक चोरी र डकैती" साबित गर्न समालोचक पनि 'मसान' जस्तो

खँदिलो नाटक लेख्न गोपालप्रसाद रिमालको प्रतिभाको अगाडि शिर झुकाउँदै भन्छन्–

"मसान हिजोआज अमौलिक साबित हुन गए पनि उहिले यो मौलिक थियो– नाटकको वस्तु, योजना कुनै विदेशी कथा-नाटकसित मिल्न गए पनि रिमालको बुद्धिवादी नाटचशैलीले नेपाली साहित्यजगत्लाई चिरकालसम्म मार्गनिर्देशन गरिरहनेछ । रिमालले दिन सकेको यो नै ऋण हाम्रो साहित्यको निम्ति धेरै सम्झिइनेछ ।"

(अरुणोदय– वर्ष १, अङ्क २, पेज १२)

नाटककार गोपालप्रसाद रिमालको परिचयमा यहाँभन्दा वेसी भन्नु परोइन ।

संवत् २०२९

क.दी.

रङ्गमञ्चमा

यो नाटकको अभिनय देखाउनलाई नाटककारको
अनुमति लिनुपर्छ ।

दुई कुरा

गतिलो साहित्य तपस्याले मात्र लेखिन्छ । मैले त जागीरे भएपछि यो नाटक लेख्न कलम उठाएको हुँ । त्यसैले जागीर मागेर लेखिएको यो नाटकले गतिलो साहित्यको ठाउँ लिन खोज्यो भने अर्घेलो भइमाग्न बेर छैन ।

तर करवलले लेखेको पनि मैले होइन । मलाई कलम समात्न लगाइछोड्न अनेक भावहरूका मेरो मनमा दिनहुँजसो बाफको जस्तो उकुसमुकुस भइरहन्छ । म नलेखी सक्तिनँ । बाहुन जस्तै चोखो र आफू अलग्ग भएर भनेको खण्डमा म यतिसम्म भन्न सक्तछु– भाषानुवाद परिषद्ले (अनि नेपालले) आफ्नो अधिकार बमोजिमको कुरा मात्र मबाट लेखाइमाग्यो । मैले उसैले भने जति लेखिदिएँ । तर त्यसो भन्दा मैले आफूलाई बिर्सेको छु, आफूप्रति आफूले गर्नुपर्ने कर्तव्यलाई बिर्सेको छु, आफ्नो उत्तरदायित्वलाई बिर्सेको छु ।

अनि यो नाटक चाँडै लेखिएला भन्ने आशा गरे पनि दश वर्ष यता त कुन्नि ।

किताब लेख्दा बीचबीचमा, सपार्ने किसिमको समालोचना गरिदिबक्सेकोमा श्री मे.क. पुष्कर शम्शेर जङ्गबहादुर राणालाई धन्यवाद टक्र्याउँछु ।

आखिरमा (तर सहस्रचोटि) भाषानुवाद परिषद्मा आएर लेखेको मेरो यो पहिलो नाटकमै पुरस्कार बक्सेर लेखकको उत्साह बढाइदिबक्सेकोमा श्री सु.प्र.गो.द.बा., मे.ज. शारदा शम्शेर जङ्गबहादुर राणा, एम्.ए. लाई धन्यवाद चढाएर यो 'दुई कुरा' लाई यहीं टुङ्ग्याउँछु ।

नेपाली भाषानुवाद परिषद्
७ माघ, २००२

लेखक

पात्रहरू

कृष्ण– एक शिक्षित शहरिया
भोटु– उसको भानिज
युवति– (हेलेन)– उसकी जेठी स्वास्नी
वाग्मती– उसकी घरकी नोकर्नी
सासू– उसकी आमा
ससुरा– उसका बाबु
दुलही– उसकी कान्छी स्वास्नी
नोकरहरू, अरूहरू

दृश्य : काठमाडौँ

मसान

अघिल्लो आधा

।। दृश्य १ ।।

कृष्णको सुत्ने कोठा । पलङमुनिको लम्पटमा बसेर उ डेस्कमा चिठी लेख्न लागेको छ । बायाँपट्टि ४-५ वर्षको बालक भोटु बच्चना दोलाईमा गुटुमुटु भएर कुहिना टेकाएर ध्यानपूर्वक एउटा ठूलो किताबको तस्बीर हेरिरहेछ । कृष्ण चिठी लेख्न सिद्धचाएर खाममा हाल्दछ, ठेगाना लेख्दछ, ठेगानामाथि सोस्ता जोरले लगाउँछ र फुर्सतको सास फेरेर हँसिलो मुखले–

कृष्ण– (मीठो लयले) भोटु !

भोटु– (किच्च हाँस्दछ ।)

कृष्ण– मदर माने के रे ?

भोटु– (छिटो) आमा ।

कृष्ण– स्याबास । अनि–

भोटु– यो किताब कैल्हे पढ्ने ?

कृष्ण– भोलिपर्सि । अनि, अनि आमा खै त ?

भोटु– (सम्झन खोजेर यताउति हेर्दै) आमा ! आमा ! (एउटी पच्चीसेककी बलिई-बाङ्गी युवतिको सप्को हाल्दै प्रवेश । उसको उज्यालो अनुहारमा जिउँदा आँखा र सङ्कल्प छन् ।) (युवतिलाई देखेर) उ आमा !

कृष्ण– (ठट्टामा) भोटु, आमा हैन हेलेन ।

भोटु– हेलेन हैन आमा । हगि आमा ?

युवति– (कुराको वास्तै नगरेर टाढैबाट) बिहे पक्का भो ।

भोटु– (उसको कुरोको जवाफ नपाएर अलि चर्को स्वरले) हेलेन हैन आमा !

(युवति बालकलाई चोर आँलाले चूप भनेर कृष्णको आँखामा हेर्दछे ।)

कृष्ण– भोटुको दूध खै त ?

युवति– (नोकर्नीसित) भोटुलाई हजुरबज्यैकहाँ दूध ख्वाउन लैजा । (भोटु जान अनकनाएको जस्तो गरेर मुख बिगार्दछ ।) लैजा भन्या ।

(नोकर्नी अनकनाएको भोटुलाई बोकेर लैजान्छे । युवति फेरि कृष्णको आँखामा हेर्न थाल्दछे ।)

कृष्ण– के ?

युवति– (गर्वले) बिहे पक्का भो ।

कृष्ण– कसको ?

युवति– बज्यै पनि राजी हुनुभो । बज्यैको र मेरो कुरा मिलेको सुनेर बाजेचाहिँ हराएको लट्ठी पाएजस्तै गरेर बिनालट्ठी नै खुशीले जुरुक्क उठ्नुभो । बिहे पक्का भो ।

कृष्ण– कसको ?

युवति– तपाईंको ।

कृष्ण– कल्ले भनेर ?

युवति– (निर्धक्कसित) मैले भनेर ।

कृष्ण– कसरी ?

युवति– केटी खोजेर, कामकुरो छिनेर, बाजा बजाएर–

कृष्ण– छिः छिः छिः छिः ! यो कुरो तिम्रो टाउकोमा कल्ले हालिदियो फेरि ?

युवति– कसैले हाल्नुपर्ने कुरा हैन । कसैले हालेको हैन । त्यो मभित्र मसँगसँगै जन्म्यो । पहिले पीपलको गेडा जत्रै सानो हुँदो हो ।

अहिले त झ्याम्म ठूलो रूख नै भैसक्यो ! अचेल त्यसको शीतल छायामा वसेर मलाई गुनिरहन, सपना देखिरहन मात्रै मन लाग्छ । मलाई एउटा छोरो चाहिन्छ ।

कृष्ण– उ भोटु छैन ? (**भोटु त बरु छैन, ज्या ! तर उ बसेको ठाउँलाई लिएरै**) कस्तो त्यो तिम्रो छोरो जस्तै भैसक्यो । उसको अगाडि तिमीलाई अरू थोक नभनेर आमा नै भन्नुपर्ने भैसक्यो । कस्तो रूखो साह्रो फ्याँकिएको ढुङ्गो जस्तो थियो । तिम्रो आमाको जस्तो स्याहार पाएर, तिम्रो पोसिलो माया पिएर त्यो यी यस्तो चञ्चल, हँसिलो र काखमा लिइरहूँ जस्तो भैसक्यो । तिमीले उसलाई आफ्नो छोरो नसम्झे पनि उसले त संसारमा अरू सबैलाई जन्म दिने आमालाई समेत बिर्सेर तिमीलाई साक्षै आफ्नै आमा सम्झिसक्यो । भोटुतिरबाट मन त्यसरी नचुँड । भोटुलाई त्यसै नबिर्स ।

युवति– बिर्सेको छैन । (**कठोर भएर**) त्यसमा तपाईंको अंश छैन ।

कृष्ण– (**युवतिलाई एकछिन क्वारक्वारती हेरेपछि**) हिजो अस्तिसम्मको भोटुमाथिको तिम्रो माया सम्झेर मलाई तिमीले भोटुलाई त्यसो भन्ल्यौ जस्तो लागेको थिएन ।

युवति– हो ।

कृष्ण– अनि ?

युवति– यो गर्दा हुने माया भो । मलाई त नगरी नसकिने माया चाहिएको छ । केही दिन पालेको खसी पनि मायालाग्दो हुन्छ । त्यसलाई काट्दा कसो-कसो मनमा झस्का पसिहाल्छ । भोटुको त कुरै भएन । मलाई त यस्तो माया चाहिरहेछ जसले मलाई सुकाओस्, जलाओस्, रित्याओस् । हरबखत मायालु वस्तु सम्झियोस्, आफूलाई बिर्सियोस् । आफ्नो जीवन दिएर त्यो लिन परोस् । त्यो पूरा हुँदा बरु म सकियूँ । मलाई छोरो चाहिएको छ ।

कृष्ण– त्यस्तो कुरा गर्छौ भने त कुरा बेग्लै हो । तर मैले अर्को बिहे गरेर छोरो जन्म्यो भने पनि त त्यो तिम्रो छोरो हुँदैन क्यारे ।

युवति– हुन्न हो । बाँझी भएपछि आफ्नै छातीमाथि नाच्ने हरियाली त म कहाँ पाऊँ र मेरो छोरो होस् । त्यसमा तपाईंको अंश हुन्छ । त्यत्तिले नै मेरो छाती भरी हुन्छ । अनि भोटुभन्दा त्यो धेरै नजीक पनि हुन्छ ।

कृष्ण– नजीक पनि हुन्छ, अनि सौताको छोरो पनि हुन्छ ।

युवति– के रे ? (**दुवै एकैछिन मुखामुख गर्दछन्, कृष्ण अड्न सक्तैन ।**) तपाईंले मलाई त्यस्तो भन्न सुहायो ? कस्तो पराई देख्न खोजेको हो मलाई ? तपाईंको छोरो तपाईंको अंश पाएपछि, हेर्नुहोला कसरी मेरो माया त्यस्ता सौतेनी पर्खालसर्खाल नाघेर पारि पुग्दछ । कसरी मेरो मायाको वेगले त्यस्ता सानातिना बाँध बगाएर लैजाँदो रहेछ । तपाईं एउटा सन्तान पाएर मेरो काखमा मात्र हालिदिनोस् । व्यर्थमा नचाहिँदो शङ्काको दाग देखेर मेरो मायाको मोल नघटाइदिनोस् ।

कृष्ण– मैले शङ्का गरेको त हैन, सत्ते । हरे ! तिमीलाई म त्यसो भनुँला ! मेरो भनाइ के भने जत्तिकै नजीक भए पनि त्यो तिम्रो छोरा हुँदैन । त्यसैले भोटु छुँदैछ । हैन, मेरो कुरा त सुनिदेऊ । भोटुलाई यहाँ पाल्न ल्याउँदा पनि त यही कुरा उठेको हो । बिहे नगर्ने ठहरियो । अनि तिमीले भोटुको दाज्यू छुँदाछुँदै पनि सानो डेढ-दुई वर्षको भनेर भोटुलाई नै पाल्न राजी भयौ । बिचरा भोटुको दाज्यू त्यसै बरालिइरहेछ । यहाँ ल्याएको भए तिमी जस्तो आमा पाएर राम्ररी पढ्दथ्यो, बानी सप्रन्थ्यो । हेर, भोटु नपढाएर पनि कुरैकुरामा सिकिरहेछ, दाज्यूचाहिँ पढेको पनि बिर्सिरहेछ । तर ती सब कुरातिरबाट आँखा चिम्लेर काखमा लिन हुने भनेर तिमीले भोटुलाई नै रोज्यौ । अनि दोस्रो त के भने आमाभन्दा पनि बढी भएर त्यस्तो भोटुलाई यस्तो तुल्यायौ । त्यति गर्न पाएपछि अवश्य तिम्रो आमा हुने रहर, माया गर्ने धोको अलिकति भए पनि मेटियो होला । त्यसैले–

युवति– हैन, मेटिएन । झन् बढ्यो । त्यतिले पुगेन ।

कृष्ण– हो, पुगेन लौ । तर कुरा के भने–

युवति– के ?

कृष्ण– यो कुरा बहिनीलाई कस्तो लाग्ला । उसको छोरालाई धर्मपुत्र भनेर पालिएको छ । उ छँदाछँदै सन्तानकै निम्ति अर्को बिहे गर्न त अलि खै– ?

युवति– के भो त ? हाम्रो जेठो छोरो भोटु नै भो ।

कृष्ण– तैपनि–

युवति– तपाईंले त्यस कुरामा धन्दै मान्नुपर्दैन । नानीलाई मनाउने भारा मेरो भो ! आमाकै हृदय पोखिन पाएपछि नपग्लने त्यस्तो साह्रो कुरो संसारमा छँदै छैन । नानीलाई म मनाउँछु ।

कृष्ण– तर यो कुरा भोटुलाई ल्याउनुभन्दा अगाडि नै भैदिएको भए कस्तो हुन्थ्यो ! अहिले अलि नराम्रो त नराम्रो भो । बहिनी–

युवति– केही पनि भएको छैन । उहिले पनि तपाईंहरूलाई मैले नभनेकी हुँ र ? तपाईंहरूले मान्नुभएन । मन परेकी बुहारी भनेर सासूससुराले सौता हाल्न ठीक मान्नुभएन, मेरो मायाको अगाडि त्यसै काम्न थाल्नुभो ।

कृष्ण– म त अहिले पनि रोक्न खोज्छु । सकेसम्म बिहे गर्न मेरो अझै मन छैन । तर तिम्रो इच्छामा बाधा पनि दिन चाहन्नँ । तिम्रो हरेक इच्छा पूरा गराइरहन मात्रै म सकूँ । (एकैछिन रोकिएर) तर तिमीले मनमनै यत्रो अठोट गरिसकेकी रहिछ्यौ । मलाई आज, अहिले मात्र किन थाहा दियौ ? अस्ति त्यसरी मूर्छा पऱ्यौ, खान, सुत्न छाडेको पनि दुई-तीन दिन भैसक्यो । मसित राम्ररी नबोलेकै पनि कति दिन भयो । मैले त माया माऱ्यौ कि भन्ठानेको थिएँ । (मुस्कुराउँछ)

युवति– दुई-तीन दिन नबोलिँदैमा मर्ने भए के माया, त्यसको निम्ति काया कसले दिन्थ्यो ? गहिरो माया सजिलोसित बोली कहाँ पाउँछ र ! न गहिरो पीरले चाँडो आँसु आउँछ । हो, यो दुई-चार दिन वडो उकुसमुकुसमा बित्यो । आगो अलिअलि गरेर

युवति– हुन्न हो । बाँझी भएपछि आफ्नै छातीमाथि नाच्ने हरियाली त म कहाँ पाऊँ र मेरो छोरो होस् । त्यसमा तपाईंको अंश हुन्छ । त्यत्तिले नै मेरो छाती भरी हुन्छ । अनि भोटुभन्दा त्यो धेरै नजीक पनि हुन्छ ।

कृष्ण– नजीक पनि हुन्छ, अनि सौताको छोरो पनि हुन्छ ।

युवति– के रे ? (दुवै एकैछिन मुखामुख गर्दछन्, कृष्ण अड्न सक्तैन ।) तपाईंले मलाई त्यस्तो भन्न सुहायो ? कस्तो पराई देख्न खोजेको हो मलाई ? तपाईंको छोरो तपाईंको अंश पाएपछि, हेर्नुहोला कसरी मेरो माया त्यस्ता सौतेनी पर्खालसर्खाल नाघेर पारि पुग्दछ । कसरी मेरो मायाको वेगले त्यस्ता सानातिना बाँध बगाएर लैजाँदो रहेछ । तपाईं एउटा सन्तान पाएर मेरो काखमा मात्र हालिदिनोस् । व्यर्थमा नचाहिँदो शङ्काको दाग देखेर मेरो मायाको मोल नघटाइदिनोस् ।

कृष्ण– मैले शङ्का गरेको त हैन, सत्ते । हरे ! तिमीलाई म त्यसो भनुँला ! मेरो भनाइ के भने जत्तिकै नजीक भए पनि त्यो तिम्रो छोरा हुँदैन । त्यसैले भोटु छुँदैछ । हैन, मेरो कुरा त सुनिदेऊ । भोटुलाई यहाँ पाल्न ल्याउँदा पनि त यही कुरा उठेको हो । बिहे नगर्ने ठहरियो । अनि तिमीले भोटुको दाज्यू छुँदाछुँदै पनि सानो डेढ-दुई वर्षको भनेर भोटुलाई नै पाल्न राजी भयौ । विचरा भोटुको दाज्यू त्यसै बरालिइरहेछ । यहाँ ल्याएको भए तिमी जस्तो आमा पाएर राम्ररी पढ्दथ्यो, बानी सप्रन्थ्यो । हेर, भोटु नपढाएर पनि कुरैकुरामा सिकिरहेछ, दाज्यूचाहिँ पढेको पनि बिर्सिरहेछ । तर ती सब कुरातिरबाट आँखा चिम्लेर काखमा लिन हुने भनेर तिमीले भोटुलाई नै रोज्यौ । अनि दोस्रो त के भने आमाभन्दा पनि बढी भएर त्यस्तो भोटुलाई यस्तो तुल्यायौ । त्यति गर्न पाएपछि अवश्य तिम्रो आमा हुने रहर, माया गर्ने धोको अलिकति भए पनि मेटियो होला । त्यसैले–

युवति– हैन, मेटिएन । झन् बढ्यो । त्यतिले पुगेन ।

कृष्ण– हो, पुगेन लौ । तर कुरा के भने–

युवति– के ?

कृष्ण– यो कुरा बहिनीलाई कस्तो लाग्ला । उसको छोरालाई धर्मपुत्र भनेर पालिएको छ । उ छँदाछँदै सन्तानकै निम्ति अर्को बिहे गर्न त अलि खै– ?

युवति– के भो त ? हाम्रो जेठो छोरो भोटु नै भो ।

कृष्ण– तैपनि–

युवति– तपाईंले त्यस कुरामा धन्दै मान्नुपर्दैन । नानीलाई मनाउने भारा मेरो भो ! आमाकै हृदय पोखिन पाएपछि नपग्लने त्यस्तो साह्रो कुरो संसारमा छँदै छैन । नानीलाई म मनाउँछु ।

कृष्ण– तर यो कुरा भोटुलाई ल्याउनुभन्दा अगाडि नै भैदिएको भए कस्तो हुन्थ्यो ! अहिले अलि नराम्रो त नराम्रो भो । बहिनी–

युवति– केही पनि भएको छैन । उहिले पनि तपाईंहरूलाई मैले नभनेकी हुँ र ? तपाईंहरूले मान्नुभएन । मन परेकी बुहारी भनेर सासूससुराले सौता हाल्न ठीक मान्नुभएन, मेरो मायाको अगाडि त्यसै काम्न थाल्नुभो ।

कृष्ण– म त अहिले पनि रोक्न खोज्छु । सकेसम्म बिहे गर्न मेरो अझै मन छैन । तर तिम्रो इच्छामा बाधा पनि दिन चाहन्नँ । तिम्रो हरेक इच्छा पूरा गराइरहन मात्रै म सकूँ । (एकैछिन रोकिएर) तर तिमीले मनमनै यत्रो अठोट गरिसकेकी रहिछयौ । मलाई आज, अहिले मात्र किन थाहा दियौ ? अस्ति त्यसरी मूर्छा पऱ्यौ, खान, सुत्न छाडेको पनि दुई-तीन दिन भैसक्यो । मसित राम्ररी नबोलेकै पनि कति दिन भयो । मैले त माया माऱ्यौ कि भन्ठानेको थिएँ । (मुस्कुराउँछ)

युवति– दुई-तीन दिन नबोलिंदैमा मर्ने भए के माया, त्यसको निम्ति काया कसले दिन्थ्यो ? गहिरो माया सजिलोसित बोली कहाँ पाउँछ र ! न गहिरो पीरले चाँडो आँसु आउँछ । हो, यो दुई-चार दिन वडो उकुसमुकुसमा बित्यो । आगो अलिअलि गरेर

सल्किँदै आएको त धेरै दिन भयो होला । एकचोटि धप्प बलेको थियो यही लुच्चो भोटु आएर अलि सहन सकिनेसम्म पारेर सेलाइदियो । तर फेरि हिजोअस्तिदेखि त मुस्लिएर आयो । भोटु पनि नानीकहाँ गएको दिन पऱ्यो, मलाई त उडूँ कि बुडूँ भैगो । मूर्छा परिहालें म, त्यसैको बोली कानमा परेर ब्यूँझेजस्तो लाग्छ । तर आगो दन्किन छोडेन । आज यो बिहेको अठोट गरेपछि केही कम भएजस्तो लागिरहेछ । आमा हुने सौभाग्य त हुँदै भएन तर गरेर हुनेसम्म पाइएसम्म आमा नभइछोड्दिनँ । (पोइको नजीक गएर) तपाईं बिहे गर्दिनँ नभन्नोस् है यस पालि । यो धर्मपुत्रसर्मपुत्र पालेर केही पनि हुँदैन । हाम्रो आपनो छोरा चाहिन्छ ।

कृष्ण– हुन्छ । (पोइको आँखामा युवति एकोहरो हेरिरहिछ) हुन्छ, म नाइँ भन्दिनँ ।

युवति– (पोइसित टाँसिएर) हेर्नोस्, मेरो यो गिद्धले खाने मासु खालि आफ्नै भोगको निम्ति मात्र भो । यो बल आफ्नै बचाउको निम्ति मात्रै भो । मेरो निद्रा कुम्भकर्णको निद्रा जस्तो मात्र भो, मलाई उठाउन ढचाङ्ग्रो ठटाउनुपर्छ । आमाहरूको निद्रा छातीमा टाँस्सिएर सुतेको सन्तान अलिकति असजिलो मानेर चलमलाए मात्र पनि खुल्छ । उनीहरूको बल सन्तानको जीवन हुन्छ । उनीहरूको अँगालोबाट जीवन पह्लाउँछ । (बोली लट्ठिँदै गएको छ) यो मासु राँक्किएर आएको, मासुका यी लुँदाहरूमा रगत उम्लिरहेछ । तर तिनीहरूलाई सेलाउने राम्रो बाटो पनि त चाहियो नि ? रगत सधैँ उम्लिरहन्न, मासु चाउरिहाल्छ । मायामा सुकेको रगत बेश, स्याहारमा झुम्रो भएको मासु बेश । जीवन जीवनमा हराओस् ।

(युवति लताङलुतुङ भएर पोइको काखमा टाउको अड्याउँछे, कृष्ण सहन नसकिने कुराले शरीर छोएझैँ बलजफती छटपटी सहन खोज्छ ।)

मलाई छोरो दिने पक्का हो त ?

कृष्ण– हो भनिहालें नि । तिमीले मलाई हो भनाइरहनै पर्दैन ।

(युवति ओठमा सन्तोषको हाँसो तर्काएर आफैंमा डुबेकी जस्तो छ ।)

मैले के हो भन्नु ! मेरो त्यो उहिलेको बुद्धिको डोरेटोमा यो दुनियाँ हिँडेको भए सबको घर मसान बनिसक्थ्यो । मरेपछि जलाउनेहरू नपाएर सब त्यसै कुहिन्थे । दुर्गन्धको कुहिरो लाग्थ्यो । फुस्रो जून र घाममा हाडैहाडले डिच्च परेर हाँस्तै आफूलाई गिज्याउँथे । अनि दुःखले घोत्लिएको, सुखले फुर्फुरिएको, बुद्धिले सन्केको, पृथ्वीको कोलाहल यो मानिस संसारमा नमूनाको निम्ति पनि पाइँदैनथ्यो । (लामो सास फेर्दछ)

युवति– (दिवास्वप्नबाट ब्यूँझेझैं गरी) तपाईंले के भनेको हँ ऐल्हे ?

कृष्ण– सुनिनौ ?

युवति– अहँ ?

कृष्ण– सुनिनौ; बेश भो ।

युवति– किन ? किन बेश भो ! तपाईंले मैले नसुनोस् भनेर भनेको ?

कृष्ण– हैन ।

युवति– अनि किन त ?

कृष्ण– हैन तिमीले नसुनेकै बेश भो । (उठेर) कथाकी राजकुमारीले झैं पोइको ज्यान गए पनि नसुनिछाड्दिनँ त तिमी भन्ने छैनौं क्यारे !

युवति– (जिल्ल परेर) हैन यसरी के भनेको यो तपाईंले ?

कृष्ण– भैगो, यो कुरा यहीं टुङ्गियोस् । (एक्कासि) लौ, बिहे पक्का भो ।

(युवति जिल्ल परेर पोइलाई हेरिरहिछ । रोइरहेको भोटुलाई लिएर नोकर्नीको प्रवेश ।)

नोकर्नी– दूध हजुरले नै ख्वाइदिनुपऱ्यो रे । हजुरबज्यैले ख्वाउन लाग्नुभएको, बाबुले मान्दै मान्नुभएन ।

(एकछिन सन्नाटा । भोटु रुँदै लोभी आँखाले युवतिको काख

हेरिरहेछ । युवति भोटुलाई र धेरैचोटि पोइलाई नै हेरिरहिछ ।)

युवति– (भोटुसित) आऊ यता ।

(भोटु हाँस्दै दगुरेर जान्छ)

(नोकर्नीसित) खै ले त्यो ।

(नोकर्नी दूध लगेर दिन्छे । पोइचाहिँ अपराधी फुत्केझैं गरी बाहिर निस्कन्छ । युवति भोटुलाई काखमा लिएर दूध पियाउन लाग्दछे ।)

पर्दा

।। दृश्य २ ।।

(ढुकुटी कोठाबाहिरको एउटा चोटा । ढुकुटीको ढोकामा एउटा ठूलो भोटेताल्चा मारिएको छ । नेपथ्यमा बिहेको बाजा बजिरहेछ । पाथीचुल्ठो जोर्ने सरजाम लिएका दुई नोकरहरूको प्रवेश ।)

पहिलो नोकर– (मालताल बिसाएर) लौ, यीं त होला नि पाथीचुल्ठो जोर्ने भनेको ।

अर्को नोकर– हो र ?

पहिलो नोकर– हो हो, लौ राख यीं । नभए पनि हो अब । यीं राख ।

अर्को नोकर– (मालताल बिसाएर) मलाई त हेर ठूले दाइ, यो बिहेको बाजा सुन्यो कि फेरि बिहे गरूँ गरूँ लाग्छ ।

पहिलो नोकर– यो कुरा मलाई किन सुनाएको त तिमीले ? कान्छी ल्याउने मन भए आफ्नी जेठीलाई गएर सुनाऊ न यो कुरा ।

अर्को नोकर– बाबै !

अर्को नोकर– त्यस्तो डराउँदा रै'छौ त के बिहेको कुरा गरेको ।

अर्को नोकर– रहरको कुरोसम्म पो त ठूले दाइ । त्यसरी भन्या वेलामा बिहे गर्न पाउन त हाम्री दुलही बज्यै जस्ती स्वास्नी चाहिन्छ । पोइलाई कर लाई लाई बिहे गरिदिइन् । तर कुन ठूलो भाग खाउँला भनेर आफ्नै हातले सौता हुलेकी हुन् यिनले ?

(युवतिको प्रवेश । सिँगारपटार त विशेष छ । अनि टाउकोमा पानीपट्टी पनि । पानीको करुवा लिएर नोकर्नी पछि आइरहिछ ।)

युवति– (नोकरहरूसित) तिमीहरू यहाँ के गर्न लागेको ? (नोकर्नीलाई हातको साँचो दिएर) लौ त्यो ताल्चा खोल् । (नोकरहरूसित) तल आरतीस्याँउली सिद्धियो ?

पहिलो नोकर– हुँदैछ ।

युवति– अँ । (गएर खोलिएको ढोकाको सँघारमा बस्दछे ।) लौ त, रमिता हेर्न जाओ तिमीहरू तल ।

(दुवै नोकर जान्छन् ।)

(नोकर्नीसित) आरतीस्याँउली गरेको म पनि हेरुँला भनेको, ठाडो हुनै सक्तिनँ । भननन रिङटा लागिहाल्छ । (टाउकोको पट्टी लिएर) पानी हाल् त यसमा अलिकति । (नोकर्नी त्यसै गर्छे ।) यसो माथि ज्यालबाट मात्रै हेर्छु भनेको पनि अड्न सकिनँ । (पट्टी लाउँछे)

नोकर्नी– कसरी सक्नु त ? ब्यान मात्तै त्यसरी मूर्छा भो । (एकैछिनपछि) साँच्चै, त्यो नानीले नआएर के गर्नुभएको हँ यस्तो ? आफ्नै बहिनी छँदाछँदै अरूहरूले आरतीस्याँउली गर्नुपऱ्यो ।

युवति– भान्जाभान्जी, ज्वाइँ, बहिनी कोही पनि आएनन् । भन् त तैँ, मसित केको रिस ! सौता पाउने मै– अझ उल्टो मैसित घुर्की ! के भन्नु न के भन्नु !

नोकर्नी– साँच्चै, मैले हजुरलाई भन्नै बिर्सिछु । भोटुबाबु र दाज्यूचाहिँ तल मान्छेको कापबाट लुकेर हेर्न लाग्नुभाको थियो ।

युवति– के रे ?

नोकर्नी– भोटुबाबु भन्या ।

युवति– हँ ?

नोकर्नी– हुर्दुराउँदो हुनुभएछ । नाङ्गो फुस्रो तिघ्रा छ । लबेदा मात्र

लाउनुभाको रै' छ । याँ छउन्जेल कस्तो हुनुहुन्थ्यो । अहिले त–

युवति– (एकछिनपछि) के गर्ने त मैले अब ? मैले लैजानु भनेको हैन क्यारे ! मैले त केही पर्दैन, उत्तिकै गरेर पाल्छु भनेको हैन ? आमाचाहिँले मैले स्याहार गरेर त्यस्तो पारेको भोटुलाई मारिहाल्छु कि भनेजस्तो गरेर लुछेर लगिहालिन् । छोरोकै कुभलो हुने गरेर त्यस्तो रिस त कुनै आमा पनि नगरोस् । कस्तो रिस त त्यो ! अर्काको कुरै नसुन्ने ! भएन के अब !

नोकर्नी– हेर्नोस्, भोटुबाबुको त्यो गति देखेर मेरो छाती नै चरक्क भो, सत्ते ।

युवति– मलाई किन भनेको ? उसैको आमालाई गएर सुनाउन जान सब कुरा । मैले त बिहे गरेर केही गरी आर्को छोरा भैहाले पनि भोटुलाई जेठो छोरो जस्तो गरेर पाल्छु भनेको त हो नि ! जा, उसैको माया गर्ने आमा, साक्षै आमाकहाँ गएर भन् । मलाई के ? मलाई के वास्ता ?– खै तैंले पाथी चुल्ठोको सर्दाम ठीक पाऱ्या ? धान खोइ ? पाथी खोइ ? बत्ती खोइ ?

नोकर्नी– तीँ त रैछ नि । उ ।

युवति– लौ त उ त्यो भरेङको टाउकोदेखि सुर मिलाएर धान हाल्दै ले । (नोकर्नी त्यसो गर्दै ल्याउँछे) अलि सोझो पार् न । हो, भोटु ज्यादै दुब्लाएको छ ?

नोकर्नी– असाढ्ने । हजुरको स्याहार पाएर पो–

युवति– अँ । बत्ती नाङ्लोमा देख्दिनँ नि म । खै बत्ती ? यस्ता छौ तिमीहरू । आफूले हेरेन कि सब काम बिग्रचो । मेरो मात्तै हजार हात, हजार आँखा छैनन् क्यारे ! म एक्ली के गरूँ के नगरूँ ? के क्वारक्वारती हेरिरहेकी, मोरी ! जा, तल गएर ऊट्टै बत्ती भिजाएर लिएर आ ।

(नोकर्नी जान लाग्दछे)

पख् । के रे भोटुलाई पनि डाकेर ले । (नोकर्नी निकै निकै पर पुगिसकी ।) लिएर आ नि सँगसँगै । (नोकर्नी निस्कन्छे)

(पहिलो नोकरको प्रवेश)

युवति– किन ?

नोकर– (कपाल कन्याउँदै) पाथीचुल्ठो जोरेको हेरूँ कि भनेर ।

युवति– हेर् हेर् लौ । अँ, तेरो बिहेमा पाथीचुल्ठो जोरेनन् ?

नोकर– जोरे ।

युवति– अनि के त ? आँखाभरि हेरिहाल्या होला । हेऱ्या छैन ?

नोकर– छ ।

युवति– रहर मेटिएको छैन ?

(नोकर कपाल कन्याउँछ)

युवति– बरु तँ पनि फेरि बिहे गर् न त उसो भए । तेरी स्वास्नीलाई सौता हाल् न ।

(नोकर मरेको बिरालो काखी च्यापेर हिँड्ला जस्तो देखिन्छ ।)

युवति– स्वास्नीको डर लाग्छ ? रहर कसरी मेट्छस् त ?

नोकर– (ऊन् दयालाग्दो देखिन्छ) त्यही त भन्या हजुर, रहर कसरी मेट्ने ?

युवति– नामर्द ! धत् ! (हाँस्दछे, हाँस्ताहाँस्तै नीली निन्याउरी भएर जान्छे । टाउकोको पट्टी थपथपाउँदै) अँ, यो बाजा कति बजिरहेको ? के दुलहा बाजेले दमाईंहरूलाई रक्सी खान खूब पैसा दिनुभएको थियो ?

नोकर– (विषय फेरिएकोले बल्ल सास आएर) दुलहा बाजेले त हैन, हजुरबाजेले भने–

युवति– अँ, दुलहा बाजेले त दिनुभएन ?

नोकर– अहँ, दिनुभएन ! हजुरबाजेले भने दमाईंहरूलाई नचाएर मोरका मोर दिनुभो ।

युवति– कति चर्कोसित उत्ताउलो भएर बजाएको हँ मोराहरूले ?

घोक्रो पनि फुट्तैन !

नोकर– अब त नबजाए पनि त भो नि । हजुरलाई ननिको लागेको भए नबजाओ भनिदिऊँ ?

(जान खोज्छ)

युवति– किन जान्ने हुन खोजेको हँ तँ ? बिहेमा नबजेको बाजा कहिले बज्छ ?

(भोटुको दाज्यूलाई र उसको पछि नोकर्नीको बत्तीहरू लिएर प्रवेश ।)

(भोटुको दाजुलाई देखेर तलदेखि माथिसम्म हेर्दै) खै त ?

भोटुको दाज्यू– भोटुलाई खोज्नुभएको ? उ त भाग्यो । तपाईंले बोलाएको भन्ने थाहा पाउनेबित्तिकै यस्तो मैलो लुगा लाएर आमाकहाँ जान हुन्न भनेर कुलेलम ठोक्यो । आफू लुगा पनि उत्तिको मैलो थिएन ! (एकछिनपछि) माइज्यू, तपाईंले भोटुलाई यहाँ छँदा अलि मैलो लुगा लायो कि गाली गर्नुभएको थियो ? (एकछिनपछि) म जाऊँ त ?

युवति– किन ? पख्नोस् बाबु, नयाँ माइज्यूलाई हेरेर जानोस् । (नोकर्नीसित) तैंले जुरुक्क बोकेर ल्याउनुपर्ने हैन उल्लाई ? मोरी !

नोकर्नी– भागिहाल्नुभो ।

युवति– फेरि बाबुलाई यहाँ आयो भनेर आमाले गाली गर्नुहुन्छ कि ?

भोटुको दाज्यू– गाली त–

युवति– लौ त्यो पीठाका दियाहरू थपथपी राख् अब । बत्ती पनि ठाउँ ठाउँमा राख् ।

(नोकर्नी त्यसै गर्छे)

एक... दुई... तीन... चार... पाँच... छ... सात । अब यहाँका यी बत्तीहरूलाई पालैसित निभाउँदै सातोटै बत्तीहरूको सट्टा आफू एउटै बत्ती भएर लक्ष्मी छमछम गर्दै भित्र पस्छिन् । (नोकर्नीसित) हैन त ?

(भोटुको दाज्यूसित) भोटु अचेल पढ्छ कि पढ्दैन ?

भोटुको दाज्यू– पढ्छ, वाले दुर्गाकवच पढाउन लाग्नुभएको छ ।

(दुलहा, दुलही, लोकन्ती पालैसित र अरूहरू लुँडिएर आउँछन् । युवति ससुरालाई देखेर घुम्टो हाल्छे । पोइलाई देखेर घुम्टोले लुकेको पानीपट्टी पनि चोरेर झिक्छे । दुलहीको बत्ती निभाउने काममा अलि अलमल हुन्छ । युवति तम्सिँदै सिकाउन पुग्छे ।)

युवति– त्यसरी हैन, यसरी । (दुलहीको हात लिएर आफ्नो कुममा भर गर्न दिएर) लौ, मेरो भर परेर टेक्तै जाऊ । तिमीलाई म डोऱ्याउँदै लैजान्छु ।

(खासखुस र हाँसो हुन्छ)

(युवति पनि खूब हँसिलो भैरहिछ । खित्रिक्क भो कि हाँसिदिन्छे । कृष्ण अलग्ग बसेर हेरिररहेछ । पाथीचुल्ठो जोर्ने काम पनि शुरू हुन्छ । हरेक पाथीका भराइ र खन्याइमा हाँसो भइरहन्छ ।)

युवति– कल्ले जित्यो त अब ?

ससुरा– दुलहीले । दुलहीले हैन ? छोरो पक्का । (चारैतिर हेरेर) दुलहीले जितेपछि छोरा हैन ?

धेरैजसोले– हो ।

(युवति हँसिलो भएर पोइको मुख हेर्दछे ।)

सासू– साँच्चै, माहुर खुवाउँदा कल्ले जित्यो नि हँ ?

(युवति फेरि पोइलाई उसै गरी निक्कैबेर हेरिरहन्छे ।)

युवति– अब मुख हेर्ने हैन ?

ससुरा– पहिले, सबभन्दा पहिले मैले नै हेर्ने होइन ?

(युवति दुलहीलाई डोऱ्याउँदै ससुराको अगिल्तिर ल्याइदिन्छे । दुलही दाम राखेर ढोगिदिन्छे । ससुरा दाम थपिदिन्छ ।)

सासू– (जसले दुलहीको मुख ससुरालाई दाम राख्दा चोरेर हेरेकी छ ।) दुलहीलाई राम्री नै भन्नुपर्छ ।

(युवति अब दुलहीलाई डोऱ्याउन छाडेर एकातिर पन्छिदिन्छे । त्यो काम अनि लोकन्ती लिन्छे ।)

सासू– (दुलहीको मुख हेर्दै) लौ है बा, भाग्यमानी भएर चाँडै नै सन्तानको मुख देखाएस् । त्यसैको निम्ति हो तँलाई बिहे गरेर ल्याउनुपरेको । सौता छ भनेर मन नरुवाएस् । (युवतिको मुखमा हेर्दै) बढी असल छ । देख्लिस् तँलाई आपनी दिदीले भन्दा बढी माया गर्नेछ ।

ससुरा– खै त ? अरू ढोगिदिनुपर्ने मान्छेहरू खै ? (एकछिन सन्नाटा)

ससुरा– उसो भए दुलहीलाई यहाँ किन ठिङ्ग उभ्याइराख्नु त ? म त गएँ अब तल । (तर जाँदैन)

सासू– तल किन ? मेरो त दुलहीलाई ढुकुटी सुम्पन बाँकी नै छ । तपाई जाने भए जानोस् ।

ससुरा– म मात्रै किन ? हैन म जाऊँ त ? (जाँदै) मुख हेर्ने काम सिद्धियो अब हैन ?

(निस्कन्छ)

(एकछिन खलबल हुन्छ ।)

युवति– (खलबललाई आफ्नो आवाजले चिर्दै) मैले मुख हेर्न पर्दैन ? (आम्मै ! यसो भन्दाखेरि पनि ओठमा हाँसो खेलिरहन सक्दो रहेछ !!)

सासू– (जिभ्रो टोक्तै) आम्मै ! हेर बिर्स्या ? जा दुलही, दिदीलाई गएर मुख देखा ।

(लोकन्ती डोऱ्याएर दुलहीलाई युवतिको अगिल्तिर लगिदिन्छे । युवति दुलहीको घुम्टो उघारेर मुख हेर्दछे ।)

(युवतिसित) तँलाई हामीले के सम्झाउनु, के बुझाउनु, सौता पाइस् भनेर । तैंले भनेर बिहे गरेको न हो ।

युवति– (सकेसम्म हँसिली हुन खोजेर) कसै कसैको त सौतेनी ग्रह हुन्छ रे हैन बज्यै ? सौता नपाईकन छोराछोरी नै पाउँदैनन् रे ।

(कृष्ण बाहिर जान्छ ।)

सासू– हो, त्यस्तो हुन्छ ।

नोकर्नी– हो त, मेरी भान्जीको पनि त्यस्तै भो ।

युवति– हो र ?

सासू– मेरो पनि त्यस्तै होस् !

नाकर्नी– हो बज्यै, हो ।

सासू– लौ त अब भित्र ।

(युवतिबाहेक अरू सब भित्र पस्दछन् । युवति पहिले पोइ उभिएको ठाउँमा हेर्दछे । त्यहाँ पोइलाई नदेखेर भित्र हेर्दछे । त्यहाँ पनि देख्दिन र एकछिन घोरिएर हँसिलो मुखले बाहिर छिटो निस्कन्छे ।)

पर्दा

।। दृश्य ३ ।।

(कृष्णको कोठा । कृष्ण लम्पसार परेर पलङमा सुतिरहेछ । युवतिको प्रवेश ।)

युवति– (कोठामा पसेर एकछिन कृष्णलाई टाढैबाट हेरेर दङ पर्दै) दुलहा बाज्ये !

कृष्ण– (जुरुकमुरुक उठेपछि) के ?

युवति– (कुरालाई हाँसोले मुछेरै) म ज्येठी दुलही । तपाईं किन यसरी लुगासुगा पनि नफुकालीकन ?

कृष्ण– (आङ तान्दै) थकाइ लाग्यो । अनि ननिको पनि लागिरहेछ ।

युवति– माथिबाट किन त्यति चाँडै अल्पिनुभो तपाईं ? यसो कता जानुभो भनेर हेर्दछु त बेपत्ता !

कृष्ण– हो, म त बेपत्ते छु । आफ्नै कमजोरीमा अल्झिरहेछु । अब त ठीक भो, आङ हलुका भो भनेर हाँस्न खोज्छु, के के भित्र बिझिहाल्छ ।

युवति– किन ?

कृष्ण– तिमी जेसुकै भन, यो बिहे गरेको ठीक भएन ।

युवति– हुन्थ्यो अब ? ठीक छ, सब रमाइलो मानिरहेछन् । ससुरा त्यसरी खुशीले उत्ताउलो हुनुहुन्छ । सासू दङ्ग हुनुहुन्छ । सबको सुखको बदली खुलेको छ । सब उज्याला छन् ।

कृष्ण– तिमीले नि ?

युवति– म ? मलाई म ऋन् कुतकुती लागिरहेछ । म ? मलाई हर्ष छैन भनेर तपाईंलाई कसले कन्यो ?

कृष्ण– भन्न त कसैले भनेन ।

युवति– अनि ! बरु तपाईंलाई निन्याउरो देखेर भने मेरो हाँसो खल्लो भैरहेछ । यो सबै आनन्दमा के के नपुगेजस्तो भैरहेछ ।

कृष्ण– तिमी त्यसो भन्छ्यौ । सब खुशी देखिन्छन् । म भने केही कुरामा पनि रस लिन सक्तिनँ । मेरो हातमा पर्नेबित्तिकै जे पनि छोक्रा, थेग्रा जस्तो हुन्छ ।

युवति– दुलही त राम्री छन् नि, तपाईंलाई कस्तो लाग्यो ?

कृष्ण– मैले त्यसरी हेरेकै छैन ।

युवति– नहेरेर अब कति दिन आँखा चिम्लिदिने ? नछोएर कति दिन अलग्गै बस्ने ? नबोलर कति दिन निर्वाह हुने ? अहिले तपाईंले मैले हेरेको छैन भनेर के गर्नु ! त्यसो भनेर सुक्ख पाइन्छ ?

कृष्ण– मलाई थाहा छैन ।

युवति– कल्लाई थाहा छ त ?

कृष्ण– मलाई थाहा छैन । हेर हेलेन, मफतको यो राडो मच्चाउने तिमी त हौ नि । के भएको थियो र ? तिमी तिम्रो ठाउँमा थियौं, म मेरो ठाउँमा थिएँ । अनि भोटु छँदै थियो । आनन्द थियो । मफतमा तिमीले यो कहाँको भैंचालो बोलाएर ल्यायौ । को कहाँ पऱ्यो, को कहाँ पऱ्यो, पत्तै छैन । म त भासमा परिरहेछु । उम्कने आस पनि छैन ।

युवति– सन्तान नभएपछि अर्को बिहे कल्ले गरेको छैन ? तपाईंले

मात्रै गरेको कुरा हो र ? एउटा मामूली कुरालाई त्यत्रो तुल्याएर तपाईं व्यर्थै त्यसमा डुबिरहनुभएको छ । अलि टाउको उठाएर त हेर्नोस् । रात सिद्धिसक्यो । उज्यालो हुन लागिरहेछ । हामीलाई निल्ला भनेजस्तो जहाँ कालो कहालीलाग्दो शून्य थियो अब त्यहाँ सन्तानको मुखले उज्यालो र बल्दो प्रभाव आइरहेछ ।

कृष्ण– खै, तिमीलाई बुझ्नै सक्तिनँ ।

युवति– मैले भनेको बेठीक हो त ? तपाईलाई सन्तानको इच्छै छैन ?

कृष्ण– खै, छ भनूँ कि छैन भनूँ !

युवति– किन छैन ? कल्लाई हुन्न ! सबका काख सन्तानलाई पर्खिरहेका छन् । तपाईलाई मेरो धन्दा लागिरहेको होला । म पन्छिदिन्छु । तपाई निर्धक्कसित अगाडि बढ्नोस् । यो निन्याउरो घर एकचोटि उज्यालो मात्र भइदेओस् । मलाई अरू केही पनि चाहिन्न । तपाईंलाई मलाई बिर्सन गाह्रो परेको होला । बिर्सन पर्ने कुरा पनि छैन । फेरि बिर्सेर पनि के हुन्छ र ? म नभएजत्तिकै त छु नि ! म आएर यो घरमा मबाहेक अरू के आयो ? मेरो हराउँदो हाँसोबाहेक एक झिल्का अर्को हाँसो थपिएन, मेरो झर्कोलाग्दो स्वरबाहेक अर्को सुरिलो स्वर सुनिएन, मेरो अगतिबाहेक यो वंशले अर्को गति पाएन । सबलाई साथ लिएर किन डुबूँ ! बरु भन्नोस्, तपाईंलाई म छँदाछँदै अर्की स्वास्नी स्वीकार गर्न असजिलो लागेको भए भैगो त माइत गैदिन्छु ।

कृष्ण– तिमी झन् झन् छोड्न नसकिने हुन लागिरहिछ्यौ ।

युवति– (लाडे स्वरले) आफ्नो माथि कति काम बाँकी छ । बिहेको दिन । म गएँ अब !

कृष्ण– पख न भन्या । साँच्चै के तिमीलाई सौताको अलिकति पनि ईर्ष्या लागेको छैन ?

युवति– (हाँसेर) ईर्ष्या !! जो मेरो धनले धनी हुन्छ, म त्यसैसित ईर्ष्या गरूँ ! म त्यस्तो दीन-दरिद्र त कहाँ भइसकेकी छु र ! तपाईं मेरो धन हैन ?

(जान लाग्दछे)

कृष्ण– हैन, एकछिन त पर्ख ।

युवति– पर्खसर्ख केही हैन अब । तपाईं लुगासुगा फुकालेर छरितो भएर बस्नोस् । मफतमा निन्याउरो भएर बस्नुभो भने मेरो मासु खाने ।

(निस्कन्छे)

(कृष्ण लुगासुगा फुकाल्न थाल्दछ ।)

पर्दा

।। दृश्य ४ ।।

(दुलही र नोकर्नी तरकारी केलाउन लागिरहेछन् ।)

नोकर्नी– भैगो, दुलैबजै, रहर मेटिहाल्नुभो । अब छाडिदिनोस् ।

दुलही– पख् पख् । अब तै तै यो दुइटा आलु काटिहालूँ ।

नोकर्नी– ल ! ठूल्दुलै बजैले देख्नुभो भने मलाई मार्नुहुन्छ ।

दुलही– मैले केही पनि नगरेर दिनभरि चूप लागेर कसरी दिन काट्ने ? एक थोक काम त पाउनुपर्छ !

नोकर्नी– हिजो त हजुर तरकारी पकाउन लाग्नुभएको थियो नि !

दुलही– कहाँ पाएँ र त्यति गर्न पनि ।

नोकर्नी– त्यति पनि गर्न पाउनभएन ?

दुलही– अहँ !

(युवतिको प्रवेश)

युवति– (नोकर्नीसित) कल्ले भनेर तँ यहाँ तरकारी केलाउन आएकी ? लौ उठ्, लैजा आलुसालु ।

दुलही– हैन दिदी, त्यसै बस्न उराठ लाग्यो र बसिब्याँलो गरेको ।

युवति– तिमीले केही पनि गर्नु पर्दैन ।

दुलही– मैले कसरी दिन काट्ने त ?

युवति– लौ लगिहाल् । फेरि यसो गच्या देखेँ भने तेरो कन्पारा फोर्छु ।

(नोकर्नी सब थोक लैजान्छे ।)

दुलही– दिदी !

युवति– के ?

दुलही– मलाई दिन काट्नै मुश्किल पर्छ । अस्ति बुन्ने काम सिकाइदिन्छु भन्नुभएको, त्यो पनि सिकाइदिनुभएन ।

युवति– तिमी चूप लागेर बस ।

दुलही– एक दिन हैन, दुई दिन हैन, कति दिन ?

युवति– काम गर्ने मान्छे नभएर तिमीलाई ल्याएको त हैन बा ! नोकर-चाकर छन्, म छु, तिमीलाई केको धन्दा ? तिमी चाँडै एउटा छोरो मात्र पाइदेऊ ! अरू थोक केही पनि नगर ।

(नोकर्नीको प्रवेश)

किन नि फेरि ?

नोकर्नी– चुलेसी छुटेछ ।

युवति– (दुलहीसित) तिमी यीं बसिरहू है एकछिन । म चाँडै नै आउँछु ।

(युवति बाहिर जान्छे)

नोकर्नी– माया गर्नुको पनि त एउटा भाँति हुन्छ । यस्तो बिछने माया त कोही पनि नगरोस् ।

दुलही– (लामो सास फेरेर) आज त माइत जानु छ !

नोकर्नी– साँच्चै हजुरसित एउटा कुरा सोधूँ सोधूँ लागेको थियो । नढाँटीकन भन्नोस् है । बिहे गरेदेखि तपाईको बाजेसित बोलचाल भएकै छैन ?

दुलही– (बोल्दिन)

नोकर्नी– मसित भन्न केको लाज, बजै भन्नोस् न ।

दुलही– अहँ । म त्यही कोठामा सुत्ने त हो नि, तँलाई थाहै छ ।

नोकर्नी– तैपनि बोलचाल भो कि भनेर ।

दुलही– के हुन्थ्यो ! हेर् वाग्मती, कोसित सल्लाह गरूँ म ?

नोकर्नी– के कुरा बजै ?

दुलही– आज माइतीबाट मान्छे लिन आउँछन् । म जाऊँ कि नजाऊँ ? एक मनले त नजाऊँ कि जस्तो लागिरहेछ ।

नोकर्नी– किन ? आमै ! बोलाउन आएपछि नगै हुन्छ ?

दुलही– हैन म जान्नँ । यीँ थच्चिरहन्छु ।

नोकर्नी– ऋन् यीँ किन ?

दुलही– उहाँ गएर के भन्न जाने ? आमालाई के भन्ने ? बालाई के भन्ने ? दाइलाई के भन्ने ?

नोकर्नी– हो, त्यो त । यो स्वास्नीमान्छेको फुटेको कर्म । घरमा माइतीको धाक लाउनुपर्छ, माइतीमा घरको । यस्तै छ, के भन्नु न के भन्नु ।

दुलही– नजानु नै बेश होला, हगि ?

नोकर्नी– त्यसै हो कि क्या हो ? ठुल्दुलै बजै आइपुग्लिन् नि फेरि । जाऊँ है ?

दुलही– (नोकर्नी गइसकेको छ) जा !

(सासूको प्रवेश)

सासू– दुल्लै, तँ माइत कति दिन बस्छेस् त ! सात दिन बसे पुग्दैन ? धेरै दिन किन बस्नु ? सम्धिनीलाई मैले धेरै धेरै सोधेकी छु भन्दिनू है ? मान्छे लिन आउने वेला पनि भो होला !

दुलही– (झीनो स्वरले) भो ।

सासू– लौ त, लुगासुगा ला अब ।

(जान्छिन्)

(दुलही ठरी भएर जुरुक्क उठ्तछे । युवतिको प्रवेश ।

उसको हातमा काँगियो र एक शीशी तेल छ ।)

युवति– किन ? कहाँ जान लाग्यौ ? आम्मै, मुख किन यस्तो नीलो भएको नि ? हेर ओठ सुकेको । यस्तो फुस्रो फुस्रो भएर त कोही पनि नबसोस् । तिम्रो उमेरमा त म दिनको दुईचोटि तीनचोटि कपाल कोरेर सिँगारिएर बस्थें । दिदीले केही पनि काम दिइन, दिन कसरी काट्ने भनेको हैन ? जाँगर भए यही सिँगारपटार मात्रै गरिरहे पनि त दिन काटिन्छ नि ! (बसेर) लौ आऊ यता, कपाल कोरूँ ।

दुलही– भैगो दिदी आज !

युवति– किन ? हैन नकोरी हुन्न आज, आऊ यता । भैगो, तिमीलाई अल्छी लागेको भए बरु अलख मात्रै सम्याइदिन्छु, जम्मै कोर्दिनँ । आऊ भन्या ।

(दुलही आएर बसिदिन्छे ।)

खै त्यो तेल मलाई पुग्न देऊ त ।

(दुलही त्यसै गर्दछे)

दुलही– तर हैन दिदी, तेल त मेरै चाहिँ हालूँ है ! त्यो मात्र मलाई फाप्छ ।

युवति– पर्दैन तिम्रो चाहिँ । पहिले कुरा त सुन । मैले ल्याएको यो तेल तिमीलाई फाप्छ कि फाप्दैन म भन्न सक्तिनँ । तर यो तेलको बास्ना तिम्रो दुलाहा बाजेलाई खूब मन पर्छ । मलाई अरू तेल छुनै दिनुहुन्न । लौ भन, अब कुनचाहिँ हालूँ त ? हेर, फेरि दिदीले यसो गरी उसो गरी भन्न पाइन्न, तिमीले भनेको चाहिँ हालिदिन्छु लौ भन ।

दुलही– (एकछिन त अलमलिएर) म... मेरै... चाहिँ हाल्छु ।

युवति– किन ? ए, आज माइत जाने दिन भएर होला ! तर माइत जाने भएर के भो त ? पोइलाई मन परेको तेल जुन दिन पनि हाल्नु हुन्छ ।

दुलही– हैन, म मेरै हाल्छु ।

युवति– आज एक दिन यही हालिहेर न के भो ?

दुलही– हैन दिदी, मलाई यो तेल किन हालिदिएको ?

(जिल्ल परेर फरक्क फर्केर युवतिको मुख हेर्दछे ।)

युवति– (हाँसेर) किन ?

दुलही– किन हालिदिएकी भन्या ?

युवति– भरे थाहा पाउँछ्यौ अब ।

(कपाल कोरिदिन लाग्छे ।)

हैन, माइती गएर तिमीले के भन्न जान्छ्यौ ? आमाले सौता कस्ती छन् भनेर सोध्नुहुन्न ?

दुलही– सोध्नुहुन्छ ।

युवति– तिमी के भन्छ्यौ त ?

दुलही– के भन्ने ? भन्नोस् न दिदी, के भन्ने ? भन्नोस् न, तपाईं जे जे भन्नुहुन्छ म त्यही भनिदिन्छु ।

युवति– मैले भनेको कुरा भन्ने ? आफूलाई जे लाग्यो त्यही पो भन्नुपर्छ । साँचो कुरा सौता राच्छेस्नी छ भनेर त तिमी भन्न सक्तिनौ क्यारे । तिमीलाई मैले सिन्कोसमेत पनि उठाउन लगाएकी छैन । मैले के दुःख दिएकी छु र ? बरु तिमी कुन वेला जाने ?

दुलही– खै, कुन वेला भनूँ ?

युवति– कुन वेला लिन आउने भनेको ?

दुलही– दिदी, म आज माइत नजाऊँ है ,

युवति– नजाने ?

दुलही– हो ।

युवति– किन ?

दुलही– किन किन मलाई आज जान मन छैन ।

युवति– आम्मै नगई हुन्छ ? आमाले के भन्नुहोला ?

दुलही– हैन दिदी, म जान्नँ ।

युवति– मैले भनेको एक थोक मान्छ्यौ त ?

दुलही– के ?

युवति– आज खूब सिँगारिएर बस त ।

दुलही– किन ?

युवति– किनसिन, तिमीलाई किन चाहियो अब ? खुरुक्क सिँगारिएर बस, हुन्छ ?

दुलही– हुन्छ लौ बरु ! उसो भए म नजाने भएँ, हैन ?

युवति– हो ।

दुलही– दिदी, म लिन आउने मान्छेलाई पनि भेट्तिनँ : बरु तपाईं त्यसलाई केही भनेर फर्काइदिनोस् है !

युवति– मैले अघि नै फर्काइदिसकेँ । त्यही तिम्रो बिहेमा आएको लोकन्ती आएकी रहिछ ।

(दुलही जिल्ल पर्दछे)

(युवति मुस्कुराउँछे)

दुलही– के भनेर पठाइदिनुभो त ?

युवति– बिरामी भनेर पठाइदिऊँ कि जस्तो लागेको थियो तर मफतमा तिम्रो आमालाई पीर पर्ला भनेर त्यसो भनिनँ ।

दुलही– के भन्नुभो त ?

युवति– म माइत जान्छु । एउटी बुहारीले घर छाड्नु भएन, भनिदिएँ ।

दुलही– तपाईं किन माइत जाने त फेरि ?

युवति– (जुरुक्क उठेर) तिमीसित धेरै कुरा गर्नु छ । भरे गरुँला । अहिले सिँगारिएर मात्र बस, लुगा पनि ।

(जान्छे)

(दुलही जिल्ल परिरहन्छे)

पर्दा

।। दृश्य ५ ।।

(कृष्णको कोठा । कृष्णको प्रवेश)

कृष्ण– वाग्मती ! ए वाग्मती !

वाग्मती– (नेपथ्यबाट) हजुर !

(कृष्ण लुगा फुकाल्न थाल्दछ ।
वाग्मती देखा पर्दछे ।)

कृष्ण– दुल्हैबज्यै खै ?

वाग्मती– आउनै लाग्नुभो ।

कृष्ण– जा, चाँडै पठाइदे । पख् पख्, दुल्हैबज्यैले खाइवरी त सकिन् हैन ?

वाग्मती– ('हो' मा मुन्टो हल्लाउँछे ।)

कृष्ण– जा त चाँडै पठाइदे ।

(युवतिको प्रवेश)

(वाग्मती जान्छे)

युवति– गजब अबेर गरिदिनुभो । कुदा कुर्दा ।

कृष्ण– (मुस्कुराइदिन्छ) हैन निम्तो आयो ?

युवति– आयो, तपाईंले कसरी था पाउनुभो ?

कृष्ण– बाटोमा तिम्रो भाइसित भेट भयो । हैन, कहाँको पूजा रहेछ ?

युवति– भनेन र ?

कृष्ण– अहँ । तिमीले थाहा पायौ ?

युवति– पाएँ । यीँको– के भन्दछन् रे ?

कृष्ण– के त ?

युवति– के रे– सन्तानेश्वर !

कृष्ण– ए ! भोलि बिहानै जाने ।

युवति– म त अहिले नै जान्छु !

कृष्ण– ए, लुगासुगा लाएर ठीक परेको त त्यसैले पो रहेछ । हो ?

युवति– हो ।

कृष्ण– अहिले यस वेला कहाँ जाने अब ? भोलि सँगसँगै जाने ।

युवति– हैन, म अहिले नै जान्छु ।

कृष्ण– पर्दैन अहिले जान ।

युवति– हैन, तपाई अहिले केही पनि नखाने ?

कृष्ण– अहँ । पेट टन्न छ । खूब खाइयो पास्नीको भोज ।

युवति– अलिकति दूध पनि नखाने ?

कृष्ण– अहँ ।

युवति– नत्र म ल्याइदिन्छु । बेर भो ।

कृष्ण– अहिल्यै के त ! खानपरे भरे खाउँला ।

युवति– वाग्मती, ए वाग्मती !

वाग्मती– (नेपथ्यमा) हजुर !

युवति– बाजेको दूध लिएर आ ।

कृष्ण– पर्दैन भन्या । म खान्नँ । हैन तिमी बसन, किन उभिरहेकी ?

(वाग्मती एक गिलासमा दूध लिएर आउँछे ।)

युवति– लगेर त्यो टेबिलमा राखिदे । हो । लौ जा ।

(वाग्मती निस्कन्छे)

कृष्ण– तिम्री बहिनी त माइत गइन् हैन ?

युवति– (अलि ढीलो) अँ, हो । हैन उल्लाई तपाईंले फ्याँकी नै राख्ने अठोट गर्नुभो कि कसो ? बिचरी कति ननिको मानेर गई ।

कृष्ण– त्यो कुरा किन चाहियो तिमीलाई अहिले !

युवति– तपाईंलाई नचाहिए पनि मलाई चाहिएको छ । सधैँ त्यसै गरिरहन पाइन्न । कल्ले सहन सक्छ !

कृष्ण– अहिले के त ! गैहाली, भैगो ।

युवति– मैले अहिले नै यीँ उब्जाइदिएँ भने !

कृष्ण– तिमी नै उ भएर उब्जिने ? कि उसको सट्टामा तिमी देखा पर्ने ?

युवति– हैन, म तन्तरमन्तर गरेर माइती गएकी मान्छेलाई अहिले नै तपाईंको मुठीभित्र पारिदिन्छु ।

कृष्ण– ओहो ! लौ त हेरूँ !

युवति– साँच्चै, मैले ठट्टा गरेको हैन भन्या । सधैँ त्यसो गर्न त पाइन्न ।

कृष्ण– के गर्न पऱ्यो त अब !

युवति– उ पनि त तपाईंकै स्वास्नी हो ।

कृष्ण– मैले होइन भनेँ र ?

युवति– मुखले मात्र हो भन्ने हैन, अब कामले पनि गरिदिनुपऱ्यो । बिचरी ! ज्यादै दिक्क मानेकी छ ।

कृष्ण– यो कुरा भोलिपर्सि गरे हुने हैन ? आजै किन ?

(युवति एकछिन खूब घोरिएर दौडेर निस्कन्छे)

कृष्ण– तिमी माइत जान त नजाने हैन ?

युवति– (नेपथ्यबाट) हैन, हैन ।

(कृष्णले बाहिरी लुगा फुकालिसकेको छ । एउटा दोलाई लिएर पलङमुनिको लम्पटमा बस्तछ । बीचबीचमा ढोकामा हेरिरहन्छ । दुलहीको प्रवेश)

कृष्ण– (दुलहीलाई देखेर जिल्ल पर्छ ।) किन आयौ ?

(दुलही चूप !)

कृष्ण– तिमी त माइत गयौ भन्या हैन ?

(दुलही– चूप !)

कृष्ण– दिदी खै त ?

(दुलही– चूप !)

कृष्ण– दिदी खै ?

दुलही– (झीनो स्वरमा) तल !

कृष्ण– उसैले तिमीलाई यहाँ पठाएकी ? हो ? उसलाई यहाँ एकचोटि पठाइदेऊ ।

(दुलही बडो गाहो मानेर कुनै बोकी नसक्ने बोझा उठाएर लैजानुपरेजस्तो गरेर जान्छे । सहारा नपुगेजस्तो जस्तो गरेर लोभी आँखाले पोइलाई सँघारमा पुगेर एकचोटि फर्केर हेर्दछे ।)

(एकछिनपछि)

युवति– (हानिँदै भित्र पसेर) हरे ! के गऱ्या तपाईंले यो ? यस्तो अन्याय पनि गर्न हुन्छ ? हरे ! के भन्ठानिहोली उसले ? मैले उसको अपमान गर्न पठाएजस्तो भएन ? कसले सहन सक्ने कुरा हो यो ? हैन तपाईंको छाती पत्थरको हो कि मान्छेको ? छिः छिः छिः ! के हाँसेर टार्न खोजेको भन्या तपाईंले ? त्यसरी फर्काइदिनुभन्दा त बरु यीं ठहरै मारिदिनुभएको भए हुन्थ्यो ! तपाईंले मुख देखाउन नसकिने तुल्याइदिनुभो मलाई । के मुखै नहेरूँ जस्तो मानिस ! तपाईंलाई त्यस्तो रहेछ भने मफतमा बिचरीलाई किन बिहे गरेको त ?

कृष्ण– तिम्रो भन्नु सिद्धियो ? चोथाले ओठ दुई-चारचोटि अरू चलाऊ न ।

युवति– के जिस्किराको तपाईं ? सुहाउँदो वेलामा पो जिस्किनुपर्छ ।

कृष्ण– तिम्रो भनाइ के त उसो भएं ?

युवति– के अब ? यतिका भनेर पनि तपाईंको मनमा घुसेन ?

कृष्ण– के त ?

युवति– उसलाई किन फर्काइदिनुभो अगि ?

कृष्ण– म के थाहा पाऊँ त ?

युवति– के रे ? अलिकति पापको पनि त डर हुनुपर्छ ।

कृष्ण– उसो भए मैले फर्काउन नपर्ने ? हैन ?

युवति– हो ।

कृष्ण– लौ त उसो भए मैले बिराएँ ।

युवति– बिराएँ भनेर मात्र सुख पाइन्न । जानोस्, गएर उसलाई आफैँ बोलाएर ल्याउनोस् अब ।

कृष्ण– हैन म किन जाने ? तिमी गएर पठाइदेऊ ।

युवति– म त सक्तिनँ अब । हैन, मैले के भन्न जाने ? गिज्याउन गएजस्तो हुँदैन ! तपाईं नै जानोस् । जानोस् आफैंले बिगारेको

आफैँ सपार्नोस् । मलाई केही छैन अब । मैले जे गर्नुपर्ने हो गरिदिसकें । बरु म हिँडी पनि हालें अब । वाग्मती, ए वाग्मती !

कृष्ण– हैन, तिमी जाने ?

युवति– हो, जाने ।

कृष्ण– तिमी जाने, भए त तिम्री प्यारी बहिनीलाई बोलाउन जान म सक्तिनँ ।

युवति– जेसुकै गर्नोस् । तपाईंको चरित्रकला हेर्न म पनि यहाँ बस्न सक्तिनँ ।

कृष्ण– तोप चल्ने वेला भैसक्यो, यस वेला कहाँ अब !

(वाग्मतीको प्रवेश)

युवति– कति बेर लाएकी ? जा झट्टै ओढ्ने ओढेर आ । मेरो मालताल पनि ले ।

(वाग्मती जान्छे)

कृष्ण– मालताल किन फेरि ? भोलि सँगै फर्कने हैन ?

युवति– हैन, केही दिन उहीं बस्छु ।

कृष्ण– किन ?

युवति– मलाई वेर भो, म गएँ अब ।

कृष्ण– त्यसो हो भने म भोलि निम्तोमा पनि आउन्नँ । भनिदिएको छु, फेरि पछि रिसाउन पाइन्न । म आउन्नँ नि हेर ।

युवति– नआएको हेरुँला ।

कृष्ण– सत्ते पनि आउन्नँ, भोलि नफर्कने हो भने ।

युवति– म गएँ अब । तपाईंकी कान्छी तपाईंकै जिम्मामा भई । गएर फर्काई जे जे गर्नुपर्छ गर्नोस् । म केही पनि जान्दिनँ ।

(वाग्मतीको प्रवेश)

ल्याइस् ?

वाग्मती– ल्याएँ, हिँड्नुस् अब चाँडै । तोप चल्न आधा घण्टा मात्र बाँकी छ ।

(युवतिको कानमा केही कुरा भन्छे ।)

युवति– साँच्चै हो ?

वाग्मती– हो ।

कृष्ण– के हँ ?

युवति– रुन लागेकी छन् रे तपाईंकी स्वास्नी ।

(एकछिन सन्नाटा)

मैले रुवाएको होइन क्यारे ! लौ हिँड् ।

कृष्ण– मलाई यो भुङ्ग्रोमा पारेर जाने त ?

युवति– म त गएँ अब । रुवाएपछि नफुल्याई सुक्ख !

कृष्ण– हैन, तिमी नजाऊ आज ।

युवति– तपाईंलाई के थाहा छ ? मलाई यो घरबाट नहुत्याईकन त्यो आँसुको भल रोकिँदै रोकिन्न अब । तपाईंलाई के थाहा छ, हरे ! त्यस्ती सोझी सुधी मान्छेलाई तपाईंले नागिनी तुल्याइदिनुभो ! मलाई डस्नु कति बेर अब । (केही बेरपछि) जा वाग्मती, मैले हैन बाजेले बोलाउनुभएको माथि आउनुस् भनेर बोलाएर ले ।

(वाग्मती जान्छे)

तपाईंले मलाई ज्यादै नराम्रो पारिदिनुभो । माइत जान्छु कि जान्छु भनेर जिद्दी गरिरहेकी मान्छेलाई कसरी उल्टो सुल्टो मिलाइसकेकोमा सब कुरा भताभुङ्ग तुलाइदिनुभो तपाईंले ।

कृष्ण– के थाहा पाऊँ त म सब कुरा ?

युवति– थाहा पाउन सक्नुपर्छ । उनलाई अलिकति दया गर्दैमा मेरो माया भुस्सिने भए तपाईंको ममा माया छँदै छैन भने पनि भयो । तपाईंले मलाई छोरो दिन्छु भनेर बिहे गर्नुभएको हैन ? त्यति मात्रै सम्झिएको भए पनि त हुन्थ्यो नि, बिर्सनुभो ?

कृष्ण– बिर्सेको छैन, कुरा के भने ...

(वाग्मतीको प्रवेश)

खै आइन ?

वाग्मती– अहँ ।

कृष्ण– के रोई नै रहिछ ?

वाग्मती– अँ ।

युवति– जानोस् एकचोटि आफैं अब ।

कृष्ण– जा, म आएँ भनिदे । जा ।

(वाग्मती निस्कन्छे)

युवति– माया गर्नको पनि त एउटा भाँति हुन्छ । अघि नै सुरुक्क कोठामा बस्न दिएको भए मेरो के बिग्रन्थ्यो ? यो राडो मच्चिन्थ्यो ? यसरी लत्रेर फुल्याउन जानुपर्थ्यो तपाईंले ? हेर्नोस् न, ह्याकुलाले मिच्छे कि मिच्दिन अब तपाईंलाई ? एउटा छोरा काखमा लिने रहरको निम्ति सर्वस्व नै गुम्ला भन्ने डर पनि हुन लाग्यो, भो अब !

कृष्ण– तिमीलाई केको डर ! म छउन्जेल तिमीलाई केको डर ? मैले बोलाएँ भन्दाखेरि पनि आउन्न हैन त्यो !

(जुरुक्क उठ्छ)

युवति– त्यसो त नआई सुक्ख र ? तर नबिर्सनोस् हामीलाई एउटा छोरा चाहिन्छ ।

कृष्ण– हैन, मलाई छोरासोरा केही पनि चाहिन्न ।

युवति– हैन, चाहिन्छ ।

कृष्ण– तिमीले नपाउने भएपछि अरूबाट मलाई चाहिन्न । भैगो अब त्यसले छोराछोरी नपाउने भई । भैगो म त्यसको अब मुखै हेर्दिनँ ।

युवति– हैन त्यसो त नगर्नोस् । तपाईंले जानु पर्दैन । मै बोलाएर ल्याइदिन्छु ।

कृष्ण– बोलाएर त जसले ल्याए पनि केही छैन तर त्यसले पनि छोराछोरी नपाउने भई अब ।

युवति– हैन त्यसो नगर्नोस्, हैन त्यो आमा होस् । तपाईंलाई मन लाग्दैन भने त्यसलाई माया नगर्नोस्, मुखै राम्ररी नहेर्नोस्, तर अलिकति दया गरेर उसलाई आमा हुन दिनोस् । मेरो रहर पनि मेटिन्छ, म पनि काखमा एउटा बालखलाई खेल्न दिएर आफनो धीत मार्छु । उसलाई पनि आमा हुन नदिने कुरा त नगर्नोस् । फेरि को मान्छ त्यसो गर्न ! बिहे गरेर ल्याएपछि त्यसै फ्याँक्न पनि त भएन उसलाई । माया नगरे पनि अलिकति दया त गर्न परिहाल्छ क्यारे ।

कृष्ण– कसरी छोराछोरी भएन, त्यसले त्यस कुराको सुईंको समेत पनि पाउन्न । तिमी हेरिरहौली ।

युवति– आम्मै ! कसरी ?

कृष्ण– औषधी खुवाइदिन्छु– पत्तै नदिएर माया गर्दागर्दै, दया गर्दागर्दै ।

युवति– त्यसो हुन्छ र ?

कृष्ण– हुन्छ । हुन्छ रे । तिमीलाई के थाहा छ ! त्यसलाई म त्यसै गर्छु ।

युवति– हैन–

कृष्ण– तिमीले चाहिँ छोराछोरी नपाउने, त्यो कहाँकी कहाँकीले चाहिँ पाउने ? म त्यो सहन सक्तिनँ ।

युवति– हैन हैन, बरु म पन्छिदिन्छु । म माइत गएको गयै हुन्छु, फर्किन्नँ । हैन तपाईं जसो भन्नुहुन्छ, उसो गर्छु । तर त्यसलाई त्यसो गर्न भने हुन्न । त्यसो नगर्नोस्, बिन्ती । बरु ठहरै मारिदिनु बेश । मेरो मासु खाने, लौ गर्दिनँ भन्नोस् । त्यसको त्यो दुर्गति म चिताउन पनि सक्तिनँ । हैन, ज्यादै ठूलो पाप लाग्छ ।

(वाग्मतीको प्रवेश)

के !

वाग्मती– बाजे नगै हुन्न कि जस्तो छ ।

युवति– जा जा, तँ तलै गएर बसिराख् । म आउँछु । बाजे आउनुहुन्न ।

(वाग्मती जान्छे)

भैगो तपाईंले फुल्याउन जानुपर्दैन बिचरीलाई, मै जान्छु, घोप्टिन्छु । तर त्यसो गर्न हुन्न है ! लौ गर्दिनँ भन्नोस्, म गएँ ।

कृष्ण– हुन्छ (अलिकति मुस्कुराउन खोजेर) मैले तर्साएको सम्म पो । म त्यसो गर्न सकुँला भन्ठानेकी तिमीले ? म त्यस्तो पापी छु जस्तो छु ? लौ जाऊ ।

(युवति जान्छे)

(टहलिँदै ढोकासम्म पुग्छ । अनि पलङमा अडेस लागेर बसेपछि लामो सास फेर्दछ । केही बेरपछि युवति दुलहीलाई लिएर आउँछे ।)

युवति– लौ आएर बस अब थपक्क । लौ वाग्मती, जाऔं हामी पनि ।

दुलही– (सुँक्क सुँक्क गर्दै) हैन दिदी, तपाईं नजानोस् । म जान्छु बरु ।

युवति– नचाहिने कुरा नगर फेरि । भोलि बिहान सबैरै तिमी पनि आउनू ! (पोइसित) लिएर आउनोस् है बहिनीलाई पनि ।

दुलही– हैन दिदी, म जान्छु । मलाई पठाइदिनोस् ।

युवति– जाऊ तिमी त ! पोइसित शेखी गरेर पनि हुन्छ ? जान्छु, जान्छु, कहाँ जाने ? माइत बसेर हुने भए को बिहे गर्थ्यो ? पराई घर को आउँथ्यो ?

दुलही– दिदी !–

युवति– चूप लागेर बस अब । भोलि आउनू है सबैरै ! लौ त हिँड् ।

(युवति र नोकर्नी जान्छन् ।)

एकछिनपछि पर्दा

।। दृश्य १ ।।

(कृष्णाको कोठा । उ मस्त सुतिरहेछ । नोकर्नीको प्रवेश । त्यों कृष्णाको झूलसम्म पुग्दछे, एकछिन त्यहीँ उभिएर हेरिरहन्छे । बोलूँ बोलूँ जस्तो गर्छे सक्तिन । खै ? भनेर एकचोटि हात हल्लाउँछे र झर्केर मात्र के पुगेकी हुन्छे, युवतिको प्रवेश ।)

युवति– उठ्नुभएको छैन ?

नोकर्नी– अहँ ?

युवति– (सरासर झूलनिर पुगेर टक्क अडेर) पख् है तँ । हैन भैगो, जा ।

(नोकर्नी निस्कन्छे)

(झूल खोलेर पलङको किनारामा बसेर कृष्णालाई घचघच्याउँदै)

सुन्नुभो ! सुन्नुभो भन्या ? कस्तो निद्रा ! सुन्नुभो भन्या ?

कृष्णा– (जुरुकमुरुक उठेर आँखा मिच्दै) के ?

युवति– कस्तो निद्रा लाग्या तपाईंलाई, बाबै ! ढुङ्गो हो कि मुढो हो, कराउँदा कराउँदा–

कृष्णा– के ?

युवति– के अब ? कस्तो सपना देख्नुभएको छ तपाईंले आज ?

कृष्णा– (अझै निद्राले राम्ररी छोडेको छैन) के सपना ?

युवति– (हाँस्दै) सपना कस्तो देख्नुभो भन्या ?

कृष्ण– (फेरि सुतेर) सपना, हैन नकराऊ भन्या ।

युवति– हैन, उठ्नोस् न भन्या (फेरि घचघच्याउँदै) सुन्नुभो ? (कानैनिर) सुन्नुभो ?

कृष्ण– (उठेर) छिः छिः छिः छिः किन एकोहोरो लागिरहेको तिमी । एकछिन पनि राम्ररी सुत्न पाइनँ, राति ऋन् त्यस वेला सुतेको ।

युवति– हामी ऋन् रातभरि सुतेका छैनौं ।

कृष्ण– किन त ?

युवति– हैन तपाईंले हिजो वीरगन्जबाट आएको सासूससुराको टेलिफोनको जवाफ दिनुभो ?

कृष्ण– किन ? अहँ । जवाफ दिने कुरा के थियो र त्यसमा ! वीरगन्ज आइपुग्यौं, पर्सि काशीतिर हिड्छौं भन्ने त थियो नि, अरू के थियो र जवाफ दिने कुरो ? तिमीले पनि त देख्यौ नि ?

युवति– हो, देखें । तर उहाँहरूलाई के लेख्ने अब ? खबर दिऊँ पनि भएन, नदिऊँ पनि भएन । दिए काशी जानै रोकिने, फेरि नदिऊँ पनि कसरी ?

कृष्ण– के कुरा ?

युवति– हैन खबर त दिनैपर्छ; बरु काशी जाने कुरा रोकिए पनि रोकियोस् ।

कृष्ण– हैन के कुरा गरेकी तिमीले ? के कुराले काशी जान रोक्छ भन्या ?

युवति– सुत्केरो परेछ ।

कृष्ण– एउटा जाबो सुत्करो परेको सुनाएर काशी जान रोकिदिने ? त्यत्रो सूर्यग्रहण भनेर जानुभएकाहरूलाई !

युवति– काशी जान रोकिन्छ भनेर यत्रो हर्षको कुरा थाहा नदिने ? उही पनि तीं वीरगन्जसम्म त हो नि ! एकछिनको कुरा । बरु खै कलम मसी ? मै लेखेर पठाइदिन्छु ।

कृष्ण– हैन, लेखेर त जल्ले पठाए पनि भो । तर लेख्ने कुरा के ? कसको सुत्केरो ? के हर्षको कुरा ?

युवति– (हाँसिरहिछ) बज्यैहरू अझ महिना पन्ध्र दिन पाउन्न भन्नुहुन्थ्यो । त्यही अन्दाज गरेर त हो नि बज्यैहरू काशीतिर हिँड्नुभएको, बुझनुभो अब ? कल्ले छोरा पाएछ त ? कसको सुत्केरो पऱ्यो ? खबर दिने कि नदिने ?

कृष्ण– कुन वेला हँ ?

युवति– एक घण्टा जति भो ।

कृष्ण– मलाई यस वेला किन थाहा दिएको त ?

युवति– यस वेला उठाउँदाखेरि त रिसाउने मान्छे ! तर पहिले नै उठाइदिएको भए पनि तपाईं के गर्नुहुन्थ्यो र ? जे जे गर्नुपर्ने हो, मैले सब ठीकठाक गरिसकेँ । आफू हिजोदेखि नै अलिअलि बेथा त लागेको रहेछ नि । तर हाम्री बहिनीसाहेबले थाहा नै दिइनन् । वाग्मतीले आधारात गएपछि थाहा पाइछ र मलाई उठाउन आई ।

कृष्ण– अनि ?

युवति– आधारातमा थाहा पाइयो, के गर्नु न के गर्नु ! बेलुकै भनिदिएको भए केही जोरजाम त गर्नुहुन्थ्यो । केही कुराको जोहो छैन । एकछिन त अलमल्ल परेँ । बल्लतल्ल वाग्मती र ठूले गएर सुँडिनीलाई डाकेर ल्याए । तर सुँडिनीको पनि केही चलेन । बहिनी रोएको डाँको सुनिनसक्नु भैसक्यो । उही मार हान्दा नछिनिएको बोकाको जस्तो दशा भैसक्यो । कोठा भोग दिने ठाउँ जस्तो भैसक्यो । ओहो, यो दुई जीउ छुट्टिन त असाध्यै गाह्रो हुँदो रहेछ ! हेर्ने नसकिने । अनि फेरि बिहानको तोप चलेपछि ठूलेलाई मिसिनी बोलाउन पठाएँ । उ आएपछि आनन्द होला भनेको त झन् अत्याइदी । कि आमाचाहिँको माया मार्नुपऱ्यो कि छोराछोरीको पो भन्न थाली । मलाई त चिटचिट पसिना आउन थाल्यो ।

मैले के भन्नु लौ ! केही भन्न सकिनँ वाक्य नै फुटेन। तपाईंलाई उठाउनुपऱ्यो भनेर निस्कन मात्र लागेकी के थिएँ, अनि त के चाहियो र ! (त्यसै दङ्ग पर्दछे) अनि त के चाहियो र ! बहिनी एकचोटि ठूलो डाँको छोडेर कराइन्। मेरो त मुटुले नै ठाउँ छाडचो अनि त यत्रो घ्वाँक छोरो झरिहाल्यो।

कृष्ण– अनि ?

युवति– अनि के अब ! अनि रुन पनि थाल्यो।

(वाग्मतीको प्रवेश)

वाग्मती– हजुर एकचोटि उता आउनुपऱ्यो रे।

युवति– हैन वाग्मती, आँखा र नाक त उ बाजेकै जस्तै छ हगि ? दुरुस्त।

वाग्मती– अहिले नै के थाहा हुन्छ र ?

युवति– किन हुँदैन। तैंले भन्दैमा हुन्छ अब। त्यस्तो टड्कारै देखिने कुरा। निधार र गालाको पाटा त, जेसुकै भन्, दुरुस्त बाबुको जस्तै छ।

वाग्मती– मलाई त अहिले पो सम्झ्यो कि हाँसो उठ्छ। कान्छी बज्यैलाई भन्दा हजुरलाई बढ्ता बेथा लागेको थियो। कस्तो आत्तिएको हँ हजुर ? आँखाभरि आँसु छ, सुँक्क सुँक्क गरेको छ। हामीलाई झपारिरहेको छ, डाँको छोडेर, के गर्ने अब ? के गर्ने अब ? भन्या छ। एक ठाउँमा अड्न सक्या छैन। जुरुक्क उठ्या छ, फेरि थचक्क बस्या छ। के भएको हँ हजुरलाई ? बेथा त हजुरलाई पो लागेको थियो।

युवति– होला अब ? तैंले किन यसरी नाचेर कुरा गरेकी नि ऐले उत्ताउली भएर ?

वाग्मती– नपाउन्जेल त्यस्तो नीलो मुख थियो हगि, हजुरको ? अनि फेरि पाएपछि भुइँमा खुट्टै छैन जस्तो छ। त्यसै दङ्ग

परिरहनुभएको छ । छोरा त हजुरले पाएजस्तो पो छ त । साँच्चै भनूँ भने कान्छी बज्यैलाई भन्दा हजुरलाई बढ्ता खुशी लागेको जस्तो देख्छु म त, सत्ते ।

युवति– चलहलै गर्न नसक्ने मान्छे म जस्तो खुसीले कहाँ उफ्रोस् त अब ! बिचरीलाई हाँस्न पनि परिश्रम परेजस्तो छ । तर के गर्नु र ? अनुहार कस्तो लोभलाग्दो भैरहेछ हगि उसको ? कस्तो कलिलो केटाकेटीको जस्तो देखिएको हँ ! ओठ र आँखामा चाहिँ के के हाँसोभन्दा पनि राम्रो कुरा खेलिरहेछ । उ अघाएजस्तै गम्भीर छ । गम्म परिरहिछ, गहकिली छ । म मात्रै खोक्रो बाँसुरी जस्तै उत्ताउली भएर उसैको सासले बजिरहेछु ।

वाग्मती– हुन्थ्यो अब ?

युवति– गएर हेर् न अहिले राम्ररी, त्यस्ती छ कि छैन ?

वाग्मती– हजुरले ज्यान दिएर नहेरिदिएको भए नानीको कुन गति हुन्थ्यो आज ! यस्ती आमा जस्ती सौता त स्वर्गमा पनि पाइँदो होओइन ।

युवति– परचक्रीले पनि गर्ने वेलामा मैले त्यति गरेँ, कुन ठूलो कुरा भो र ? त्यस्तो वेलामा चूप लागेर हात बाँधेर को बस्न सक्छ ?

कृष्ण– हैन, छोरो कस्तो छ त ?

युवति– भनिहालेँ नि तपाईं जस्तै छ भनेर ।

कृष्ण– (मुस्कुराउँदै) वाग्मती त छैन भन्छे नि ?

युवति– त्यल्ले भन्दैमा हुन्छ अब । हगि वाग्मती ? उल्ले रोएकै राम्रो, उसको चोसै राम्रो । त्यो बालकले रोएजति त हामी गाउन पनि सक्तैनौं । कति सुनिरहूँ जस्तो ! काखमा लिएपछि फेरि नछोडूँ, लिइरहूँ जस्तो । यसो माया गर्न खोज्यो-माया नगर्न सकिन्छ र ? माया बिऊला भन्ने डर । हात नरम भइदिन्छ, आँखा हँसिलो हुन्छ, छाती सङ्ले जस्तो हुन्छ,

चिसो काख पनि न्यानो भइदिन्छ । हामीसित जतिसुकै काँढाहरू भए पनि उसलाई छुनेबित्तिकै फूलै फूल हुन्छ । (एकछिनपछि वाग्मतीसित) हैन, तँ यहाँ के गर्न आएकी मान्छे ? हेर कुरा सुनिरहेकी !

वाग्मती– म हजुरलाई नै बोलाउन आएकी ।

युवति– म आइहाल्थें नि । तँ यहाँ किन बसिरहेकी ? जा, गैहाल् । पख्, पख् मैले अहिले पो सम्झें । नानीकहाँ गएर यसरी छोरो जन्म्यो भन्, नानीलाई पनि बोला र हो, नानीसित छोरोलाई थाङ्नासाङ्ना दिनुपर्‍यो भनेर लिएर आ । हाम्री बहिनीसाहेब त मेरो फरिया च्यातेर दिनोस् भन्थिन् । मेरो अलच्छिने लुगा पनि दिनु हुन्छ ? फाप्छ फाप्दैन । नानीको भए अऊसम्म उहाँको एउटा छोराछोरी पनि तलमाथि परेको छैन । त्यस्तो सुखी मान्छेको लुगाफाटो पो माग्नुपर्छ । लौ जा, त्यसै भनेर आ । हैन एउटा कुरा अर्को पनि भन् । नानीलाई तपाईंले छोरो पनि सालनालसमेत किन्नुपर्छ पनि भनिदे । त्यसो गरे असल भन्छन्, हैन ?

वाग्मती– हो ।

युवति– लौ त जा ! अरू थोक त केही भन्नु छैन हगि ? लौ जा त ।

(वाग्मती जान्छे)

कृष्ण– वाग्मतीलाई भोटुको आमाकहाँ पठाएको ?

युवति– हो । सुन्नुभएन, तपाईं कहाँ हुनुहुन्थ्यो र अहिले ?

कृष्ण– हैन यीं थिएँ । आउने देख्यौ र ?

युवति– किन आउनुहुन्न, यस्तो खुसीको वेलामा ? नआई सुक्ख ?

कृष्ण– बोलाउनु त पर्ने हो ।

युवति– हैन, तपाईं उता छोराको मुख हेर्न नजाने ?

कृष्ण– जाने, मुख त हेर्नेपर्‍यो ।

युवति– (पोइको हातसित खेल्दै) अगि क्या ! छोरा पाएपछि मसिनीले

छोरालाई लिई पुछपाछ गरी अनि जाने वेलामा 'छोरोको बाबु खोइ त !' भनी । मैले किन भनेर सोधैं, 'किन अब ? बक्सिस लिन' भनी । मैले सुतिरहनुभएको छ भनैं; बक्सिस त चाहिन्छ भन्न थाली र तपाईंलाई नसोधीकन अलिकति रुपियाँ फिसमाथि थप दिएर पठाएँ । अँ, मसिनीलाई त मैले दिएर पठाएँ । लौ भन्नोस्, तपाईं मलाई के दिनुहुन्छ ? यत्रो खुशीयालीमा, यत्रो रमरममा, यत्रो आनन्दमा ।

कृष्ण– खै म के दिऊँ भनूँ !

युवति– तपाईसित मलाई दिन बाँकी केही कुरा पनि छैन ! ढुकुटी रित्तिइसक्यो ?

कृष्ण– खै म के दिऊँ तिमीलाई ?

युवति– सम्झनोस् न अगाडि पछाडि । तपाईंले केही बिर्सनुभएको छ कि ! रुपियाँ पैसा त मलाई चाहिन्न ।

कृष्ण– के त अब उसो भए के दिऊँ ?

युवति– त्यो कन्जुसी ? त्यति पनि भन्न सक्नुभएन हगि तपाईंले ? 'अहिले पाएको छोरा लौ तँलाई नै भो' यति पनि भन्न सक्नुभएन ?

कृष्ण– आम्मै ! तिम्रै त हो नि, मैले दिनुपर्छ र ?

(वाग्मतीको प्रवेश)

वाग्मती– हैन, बजै चाँडै आउनुपऱ्यो रे ।

युवति– लौ तपाईं जाँदै गर्नोस् । म आएँ ।

कृष्ण– सँगै जाऔं न ।

युवति– जानोस्, म आएँ !

(कृष्ण निस्कन्छ)

युवति– **(थचक्क बसेर टाउको समात्दै)** वाग्मती !

वाग्मती– के भो र हजुर ?

युवति– जा अलिकति पानी लिएर आ । बाजेलाई नभन् है !

वाग्मती– उही रिडटा हो ?

युवति– हो, पानी । (पल्टन्छे)

(वाग्मती दौडेर जान्छे ।)

पर्दा

।। दृश्य २ ।।

(दुलहीको कोठा । सन्चो नभएर उ ओछ्यानमा पल्टिरहिछ । कृष्ण र युवतिको कोठाको दाँजोमा यो वैरागीको कोठा जस्तो छ । मालतालको रखाइवराइमा सिलसिला शून्य छ ।)

(वाग्मतीको प्रवेश)

वाग्मती– बजै, हजुरबाजे हजुरबजैहरू नाति हेर्न आउन लाग्नुभो । जति हेरे पनि पुग्दैन रे !

दुलही– नाति यहाँ मसित त कहाँ छ र ?

वाग्मती– ठूल्दुलै बजैले लानुभो ? आम्मै ! अहिलेदेखि त्यसरी डुलाइरहन कहाँ हुन्छ र ?

दुलही– उनै जानून् ।

वाग्मती– हैन, हजुरलाई आज कस्तो छ ?

दुलही– उस्तै हो ।

वाग्मती– यसरी मन मार्नु त हुन्न है बजै ! यो वेलामा बिग्रेपछि जीउ फेरि कहिले सप्रन्छ ? हजुर आजकल असाद्धे नीच मार्न लाग्नुभएको छ । न राम्ररी खानुहुन्छ, न राम्ररी हामीसित बोल्नुहुन्छ । त्यसो त गर्नु हुन्न ।

दुलही– म के गरूँ त वाग्मती ? मलाई केही पनि गर्न मन छैन ।

वाग्मती– त्यसो भनेर हुन्न, बजै ! छोराछोरीको आमाले आफ्नो निम्ति नभए पनि छोराछोरीको निम्ति त बाँच्नैपर्‍यो ।

दुलही– मैले बाँच्नैपर्ने के छ र ? स्याहारसुसार गर्ने दिदी छँदै छन् । एउटा दूध खुवाउनुपर्छ भन्ने धुगधुगे आस न हो । त्यो पनि धाई राख्न आँटिसकेका थिए ।

वाग्मती– धाई राख्ने भन्या त हजुरको जीउले दिँदैन कि भनेर न हो । बिरामी मानिसले दूध खुवाएर साह्रै हुन्छ र ? पहिलेकै जस्तो जरो रहिरहेको भए हजुरले खुवाउँछु मात्र भनेर हुन्थ्यो र ? अझै पनि त यसै भन्न सकिन्न । हजुरको मुटु खराबै छ भन्छन्, रगत कम छ रे ।

दुलही– त्यसैले त भन्या म मरे पनि केही छैन भनेर ।

वाग्मती– हुन्थ्यो अब ।

दुलही– तर नमरिन्जेल दूध खुवाउन त छोड्दिनँ । त्यही एउटा दूधको नाता बाँकी छ । अरू कुरा त दिदीले खोसिहालिन् ।

वाग्मती– हजुरको जीउले नै नसक्या । त्यसो त के खोस्या भन्नु ।

दुलही– एउटै कुरा हो, झण्डै दूध पनि खुवाउन नपाएको हगि मैले ? छोरो पाउनु दूध खुवाउन नपाउनु कत्रो अभाग हुन्थ्यो । तै अझसम्म त खुवाउँदै छु । त्यतिसम्मको पाप त गरेकी रहिनछु भन्नुपर्‍यो अब ।

वाग्मती– त्यसैले त भन्या बजै, जीउको लत्तो नछोड्नोस् भनेर ।

दुलही– के नछाड्नु, अब त मन मरी मरी आउँछ ।

वाग्मती– त्यसो नभन्नोस् बजै ! दिन फिर्छ । दिन भन्या सधैँ एकनास रहन्न । बाजे आज हजुरलाई भनेर औषधी लिन जानुभएको छ ।

दुलही– दिदीले भनेर होला । आफैँ गएको भए पो गएको भन्नु । दिदीको खटनमा गए होलान्, हैन तँ किन नबोलेकी ? हैन ?

वाग्मती– हैन बजै, हजुर आज धेरै बोल्नुभो, धेरै बोल्नु हुन्न भन्या हैन हजुरले ?

दुलही– लौ यो बाहिरको ओठ त टम्म बन्द गरिदिन्छु, भित्र यो छाती चिरिएर चिच्याउँदो ओठ भएको कल्ले सुनेर बन्द गरिदिने ? खटनको मानु त भैगो जिनतिन घाँटीबाट छिर्ला, तर यो खटाई खटाई दिएको माया, यो लोलोपोतो– !

वाग्मती– लौ फेरि रुन पनि लाग्नुभो, ऋन् धेरै बोल्नसम्म पनि हुन्न भनेको मान्छेले । नरुनोस् भन्या बजै, सासूससुरा आउने वेला पनि भो । रोएर केही पनि हुँदो रहेनछ । मेरो कुरा त मैले हजुरलाई भनेको छैन । म पनि खूब रोएकी छु । रोएर केही भएन । मेरो दुःख त हेर्नुस् बजै । मैले हजुरले जस्तै दुःख पाएकी छु । म यसरी अर्काको चाकरी गरेर एक गाँस जुराउनुपर्ने घरकी मान्छे हैन । मेरो माइततिर पनि घरतिर पनि एक मानाको पूरा जोरजाम छ । हजुरले जस्तै मैले पनि एउटा छोरा पाएँ । पहिलेदेखिन्कै माया छुँदै थियो । ऋन् छोरो जस्तो पाएपछि थपिएला भनेको त निठुरी पापीले अर्कीलाई पो ल्याएर घरभित्र हुलिदियो । अनि घरमा म टिक्नै सकिनँ । थसुल्ली मोरी घरभरिकी भैदी । म नअटाउने भएँ । बजै, यो लोग्नेमान्छेको जातलाई मासुको थुप्रो भए पुग्दो रहेछ । मलाई निक्लिए हुँदो हो जस्तो गर्न थाल्यो । म पनि माइतमा पनि नगएर माइतको हेला को सहन जाओस् भनेर यहाँ चाकरी गर्न थालें । त्यसो गरेर दिन काटेको पनि १२-१५ वर्ष भैसक्यो । कति रोइसकियो कति ! दुःखीको दैव सहाय भन्छन्, खै ?

दुलही– तिम्रो छोरा खै ?

वाग्मती– हजुरलाई थाहा छैन । जसको आसमा म बसेकी थिएँ त्यसलाई पनि परारको हैजाले लग्यो । छेमा पूजाको भोज खाएछ । मेरो आफ्नू भन्नु अब कोही पनि छैन ।– धत्तेरी, यो लोगनेमान्छेको जातलाई मासुको थुप्रो भए पुग्यो ।

(आँसु पुछ्दछे ।)

दुलही– वाग्मती, यो मेरो छोरो पनि सित्तैमा मेरो कोखमा किन जन्मेको होला ? दिदीकै कोखमा परेको भए पनि त हुन्थ्यो ।

वाग्मती– छोरो पाएर त के भएको छ र बजै ? छोरो त पाउनैपर्छ । छोराको भरमा बाँच्न त सकिन्छ ।

दुलही– हैन, मैले त्यसो भन्या हैन । दिदीले उहिले पाइदिएको भए पनि त हुन्थ्यो नि ! आखिर यो घरमा छोरो हुने नै रहेछ । मेरो कोखमा नजन्मिनुपर्ने त्यल्ले । दिदीले पाएको भए बेश हुन्थ्यो ।

वाग्मती– किन बजै ?

दुलही– (टाढा हेरेर) त्यसो भएको भए मैले यो घरमा पाइलै हाल्नुपर्ने थिएन । अर्को माया गर्ने लोग्नेसित परिन्थ्यो कि ? के हुन्थ्यो, के हुन्थ्यो !

वाग्मती– भनेजस्तो हुने भए यो अभागी खप्परलाई किन यसरी ठोकिरहनुपर्थ्यो ? किन–? (भाउले देखाउँछे– किन उसको यो दुर्गति हुन्थ्यो ?) हैन बजै, मलाई एउटा कुराको असाद्धै शङ्का लागिरहेछ ।

दुलही– के ?

वाग्मती– यिनीहरू बोक्सी त हैनन् ?

दुलही– ?!

वाग्मती– यी हाम्रा सौताहरू हामीले छोराछोरी नजन्माइदिए मरेपछि यिनका पोइहरूंको आगो लाग्दैन, पिण्ड खुवाउने कोही जुर्दैन । तैपनि किन यो अनर्थ ? पक्का यिनीहरू–

(छोरो बोकेकी बोक्सी र उसकी सासूको प्रवेश)

युवति– (बाहिरबाटै बोल्दै आइरहिछ) बडो मुश्किलले अनि छोरो यही हो । आमाचाहिँको यस्तो गति छ ।

सासू– (दुलहीसित) कस्तो छ तँलाई ?

दुलही– बेशै छ ।

सासू– (युवतिसित) कृष्ण औषधी लिन गयो भनेको हैन ?

युवति– हो, त्यतिमाथि ऋन् काशी जान नपाए पनि खबर सुनाउनैपर्छ भनेर उत्तिनैखेरि मैले टेलिफोन दिन लगाएको ।

सासू– पहिले त वीरगन्जमा २-३ दिन बस्ने कुरा थियो । अनि त कहाँ र ! साथीहरू पनि पाइयो, तुरुन्तै हिँडिहाल्यौं । नत्र

नाति पाएको खबर पाएको भए को काशी जान्थ्यो ?
(भित्र पसेदेखि नै दुइटै बुहारीहरूको मुख पालैसित हेरिरहिछ ।)

युवति– तेल घसिदिसकिस् वाग्मती ?

(वाग्मती स्पष्ट जवाफ दिन्न)

युवति– यी यस्तै छ, तीन साँझ लाउनुपर्नेमा एक साँझ पनि बडो कर गरेर लाइदिनुपर्छ । **(एकछिनपछि– जसभित्र सासू पालैसित दुवै बुहारीलाई हेर्दछे ।)** तपाईंहरू छैटीलाई त पक्का आइपुग्नुहुन्छ जस्तो लागेको थियो । त्यसैले तपाईंहरू आउनुहुन्छ अनि राम्रो जोरजाम गरुँला, निम्ताहरू बाँडुँला भन्दाभन्दै छैटी त्यसै गरी बित्यो । अनि न्वारनको निम्ति पर्ख्यौं । न्वारन पनि त्यसै बित्यो । इष्टमित्रहरू कसैलाई पनि बोलाउन पाइएन– यत्रो हर्षको वेला पनि !

सासू– वेलामा खबरै पाइएन, के गर्नु ? अब पास्नी छँदैछ । त्यसमा बोलाउँला । **(दुलहीसित)** तैंले त आफ्नो जीउको ज्यादै नै नीच मारिछस् बा ! **(रिसाएर)** कस्तो हुर्हुराउँदो अनुहार भएको यो, वाग्मती ?

वाग्मती– **(उ बुझ्न सक्तिन यो रीस कसमाथि पोखिएको हो !)**

युवति– भनेकै नमान्ने । मसिनीले दूध आमाचाहिँले खुवाउन ठीक परोइन भन्थी । मैले नखुवाइदेऊ, धाई राखिदिन्छु भनेर दश औंला जोडँ, मानिनन् ।

दुलही– ज्वरो आइरह्यो भने भन्या हैन ? खै, मलाई ज्वरो भोलिपल्टदेखि हराइहाल्यो क्यारे !

युवति– ज्वरो हराइहाल्यो, हो । अनि यो खानपिउन सबै थोकमा किन नीच मारेकी त ?

दुलही– **(धेरै बेरपछि)** छोरालाई दूध पुगेकै छ ।

युवति– यस्तै हिसाबले कति दिन !

दुलही– जति दिन बाँचिएला ।

युवति– लौ, यही हो बजै, मैले त बोल्नै हुँदैन । मैले यिनको निम्ति गऱ्या नगऱ्या त्यो वाग्मतीसित सोध्नोस् ।

(रिसले फन्केर बाहिर जान्छे ।)

सासू– क्या हो यो ? बोल् न वाग्मती ?

वाग्मती– म के भनूँ बजै ?

सासू– स्याहारसम्भार कस्तो छ ?

वाग्मती– त्यो त बेश छ । ठूल्दुलै बजैले नगरेको भन्नु हुँदैन ।

सासू– अनि

दुलही– अनि त्यस्ती असल बुहारी छँदाछँदै मलाई यो घरभित्र किन हुलेको तपाईंहरूले ?

सासू– यतिका दिनपछि पनि थाहा पाउन सकिनस् ?

दुलही– उही पनि ढाँटेर । एउटा हरबखतकी रोगी मन नपरेकी सौता छ भनेर ।

सासू– त्यो त त्यसो नभनीकन कसले छोरी दिन्छ ?

वाग्मती– दुलै बजै, हजुरलाई धेरै बोल्न हुन्न भनेको हैन ?

सासू– परचक्रीसित जस्तो बाझ्ने कुरा त नगर् न दुल्है !

दुलही– (रोएर) बाझ्ने कुरा हैन बजै, मैले साँचो कुरा गरेर दुःखपुकारा मात्र गरेकी हुँ ।

वाग्मती– फेरि ?–

सासू– खै त, कृष्ण औषधी लिन गएको छ भन्या हैन ?

वाग्मती– हो ।

सासू– वाग्मती, सम्झा न त्यसरी रुन हुन्न भनेर (स्वर कामेको छ) पख् कृष्ण आएपछि म सम्झाइदिउँला । सम्झाउनुपर्छ छोराकी आमालाई–

(निस्कन्छिन् ।)

वाग्मती– दुलैबजै, हैन यता हेर्नोस्न । उतिमाथि नरुनोस् भनेर सम्झाउँदै छु । मेरो एउटा कुरा त सुन्नोस् ।

(दुलही आँसु पुछ्दै वाग्मतीतिर हेर्दछे ।)

वाग्मती– बूढाबूढीको कुरा सुन्नपर्छ । हेर्नोस्, अरू सबै थोक गर्नोस्, सासूसित नबोलिदिनोस् । मेरो बिन्ती छ । झण्डै अगि कुरा बिग्रिसक्या । छोराछोरीका आमाहरूको दुःख यी बूढी आमाहरूले नै बुझ्छन् । फेरि अर्को कुरा पनि भन्छु । हजुर यो घरलाई सराप्न पनि छोडिदिनोस् । हाम्रो यो घरमा बाहेक अन्त कहीं पनि गति छैन । यहाँ हेला पाएपछि अन्त कसैले सह्रनी गरिदेला भन्नुपर्दैन, माइतमा पनि देख्नुभएन मेरो गति ?

(दुलही लामो सुस्केरा हाल्दछे ।)

युवति– (सरासर आएर दुलहीलाई छोरो दिँदै) लेऊ तिम्रो छोरो ।

दुलही– (बुझ्न नसकेर) यसलाई दूध खुवाउने ?

युवति– हैन ।

दुलही– ?

युवति– काखमा लेऊ भन्या ।

दुलही– काखमा त तपाईं नै लिनोस् । मसित त्यतिसम्म बल पनि छैन । दूध भने प्राण छउन्जेलसम्म खुवाउन छोड्दिनँ, मेरो काम त्यत्ति हो ।

युवति– लिन्नौ त ?

दुलही– हैन, तपाईं नै लिराख्नोस् । वरु यो तपाईंको काखमा जन्मिदिएको भए हुन्थ्यो !

(वाग्मती जान खोज्दछे)

युवति– तिमीलाई आमा हुन पाएकोमा खुशी छैन ?

दुलही– तपाईंलाई हुन नपाएकोमा अफसोस छैन ?

(वाग्मती खुट्टाले आवाज दिँदै खोक्तै बाहिर जान लागेझैं गर्दछे ।)

युवति– वाग्मती, बहिनीलाई तेल लाउनुपर्दैन ?

दुलही– हो, पर्छ । म पनि मेरो जीउको स्याहार गर्न जान्दछु, मलाई पनि आफ्नो माया लाग्छ, त्यस्तो बिघ्न केटा केटी त छैन दिदी अब । तर बिन्ती दिदी, तपाईं मलाई दया गर्न

छोडिदिनोस् । मलाई तपाईंले निगाह गर्नुपर्दैन । यो निगाहसिगाह म सहन सक्तिनँ । म पनि छोरीकी आमा हुँ, मेरो पनि यो घरमा केही हक छ । मलाई हक चाहिएको छ, मलाई न्याय चाहिन्छ– निगाह हैन, दया हैन ।

(वाग्मती फेरि बाहिर जान खोजेजस्ती छ, तर उसलाई कुरामा चाख लागिरहेछ– सुन्न मन छ । युवति सीसाको खुट्टाले घोरिँदै बाहिर निस्कन्छे । वाग्मती दुलहीको मुख हेरेर किच्च हाँस्दछे । माने– खूब भन्नुभो बजै !)

दुलही– मैले त आँखै देखिनँ । नबोलीकनै गइन् हैन ?

(बोल्दै परिश्रम परेको हुनाले लस्त भएर आँखा चिम्लन्छे । हातमा औषधीका शीशीहरू लिएर कृष्णको प्रवेश । वाग्मती निस्किदिन्छे । कृष्ण औषधीहरू राखेर खाटको छेउमा बसेर आँखा चिम्लिरहेकी दुलहीको निधार छाम्छ ।)

दुलही– (झस्केर) को ?

कृष्ण– (एकछिनपछि) कस्तो छ तिमीलाई ? निधार त अलि तातो जस्तो छ नि !

(दुलही एकटक पोइको मुखमा हेरिरहिछ, अपरिचित व्यक्तिलाई झैँ)

कृष्ण– हैन, बोल न ।

(दुलहीको एकोहोरो हेरिरहेको आँखाबाट आँसु झर्न थाल्दछ ।)

कृष्ण– (व्यथित भएर) किन रोएको ? चाँडै नै निको हुन्छ रे तिमीलाई । डाक्टरले भन्या ।

दुलही– (अर्को एक भल आँसु झरेपछि) निको भएर के र ?

कृष्ण– तिमीलाई अवश्य निको हुन्छ ।

दुलही– मेरो काम सिद्धिहाल्यो । अब मैले निको भएर के ?

(आँसु ज्यादै आएर कोल्टे फर्किन्छे ।)

(अठ्चारो परेको कृष्णलाई आमाको एक्कासि आवाज

मद्दतको हुन्छ ।)

आमा– औषधी लिएर आइस् ? यो दुलहीले, हगि बाबु, हाम्रो घरै उज्यालो पारिदी, छोरो पाइदिएर । बालाई पनि अलि सन्चो छैन जस्तो छ, तँ एकछिनपछि बाकहाँ पनि आइज है ?

(जवाफ नपर्खीकनै बाहिर निस्किदिन्छे ।)

कृष्ण– हैन, तिमी किन यसरी कुचुक्क परेर पल्टेकी ? किन यसरी काम्या हँ ? बोल न, के ज्यादै– (अनि हत्तपत्त खोपाबाट औषधी खुवाउने झिकेर त्यसमा औषधी हाल्दै) के भो हँ तिमीलाई ? भन ।

दुलही– (झीनो स्वरले) टाउको रिङाइरहेछ ।

कृष्ण– लौ त यता फर्क त, यो औषधी एकचोटि खाइदेऊ ।

दुलही– (एकछिनपछि कोल्टे फर्केर तर हातले अघि सारिएको औषधीलाई हटाउँदै) हैन भैगो, अब त ठीक भो त ।

कृष्ण– हैन त्यसो नगर न । मैले दिएको औषधी पनि नखाइदिने ! (दुलही पूरा आँखाले पोइलाई हेर्दछे, मानो आँखामा यो लेखिएको छ– यो लोलोपोतो किन ? उही पनि अहिले यो मर्ने वेलामा !)

कृष्ण– हैन, खाऊ न भन्या । मलाई यति पनि खुवाउन दिन्नौ ?

दुलही– (कराएर) खान्नँ, खान्नँ भन्या म । जानोस्, अब तपाईं किन आएको मकहाँ ? मेरो के काम छ ? जानोस्, मलाई तपाईंहरूको दया चाहिन्न चाहिन्न ।

(कृष्ण कामेको हातले औषधी लिइरहेकै छ : राख्न पनि सक्तैन ।)

पर्दा

।। दृश्य ३ ।।

(कृष्णको कोठा । कृष्ण अघिल्लो आधाको दृश्य १ मा झैं बसिरहेछ । गुटुमुटु भएर बसेको मात्रै छैन । अनि उसकी आमा कृष्णको दायाँपट्टि टेबिलको आड लिएर उभिएकी छन् ।)

कृष्ण– तपाईंले कुरै बुझ्नुभएन । हो, मैले पनि राम्ररी बुझाउन सकेको छैन । मैले जे गरेँ त्यो ठीकै गरेँ, अन्याय गरेको छैन जस्तो छ, मैले हेर्दाखेरि त । तपाईंहरू भने त्यसो भन्नुहुन्छ ।

आमा– (छोरो हो भनेर दुई-चार कुरा बोले तापनि उनी आफ्नो पोइसित उज्र गर्न आएकी जस्ती नै छ– अधिकार कृष्णको हातमा जस्तो; उनलाई सम्झाउनु हाम्रो धर्म हो' भनेर कर्तव्य पालन गरिरहेकी जस्ती ।) उ पनि त छोराछोरीकी आमा हो, बाबु !

कृष्ण– मैले हैन भनेँ र ? मलाई यो भुङ्ग्रोमा पारिदिने तपाईं त हो नि । भोटुले मेरो चित्त बुझेको छैदै थियो । बेसै थियो । मफतमा यो विहेको राडो मचाएर यी यस्तो भो, अब यसो गरे पनि सुक्ख छैन, उसो गरे पनि सुक्ख छैन । मलाई के भन्नुहुन्छ ? तपाईंहरू नै जान्नोस् ।

(एकछिन सन्नाटा)

यता बहिनीको त्यो गति भैसक्यो, भोटु माग्ने जस्तो देखिइसक्यो ।

आमा– (रुन मात्र सक्तिनन् । भोटुको माया अनि भोटुकी आमा, तेरी बहिनी मेरी छोरीको माया मलाईभन्दा तँलाई बढ्ता छ ?) सानी दुलही ओखती पनि छुँदै छुन्न रे ।

कृष्ण– (यो कुरा त तपाईलाई भन्दा बढ्दा मलाई थाहा छ– आमासित) हो ।

आमा– यस्तै हो भने त कति दिन त अब ? त्यो गति भैसक्यो ।

कृष्ण– (केही पनि बोल्दैन, शिर नीचा छ ।)

आमा– हैन, मेरी जेठी बुहारी पनि त्यति खराब त छैन ए। सौतालाई फुटचा आँखाले पनि देखी नसकने त हैन ए। तेरो बाटो आएर छेकेकी छैन क्यारे ! छेकेको भए पनि पन्छाएर हिँड्नुपर्थ्यो ।

कृष्ण– हैन आमा, बिन्ती छ यो कुरा तपाईं मसित गर्दै नगर्नोस् । मैले अन्याय गरेको छैन । जसलाई जति माया गर्नुपर्ने हो त्यसलाई गरिरहेकै छु । अफसोसको कुरा मलाई यति छ, म त्यो कुरा राम्ररी खोलेर भन्न सक्तिनँ ।

आमा– (उनी पनि आफ्नो जिद्दीमा छन्) त्यसै हराएर गैसकी तेरी कान्छी स्वास्नी बिलाइसकी, छ भन्नु उही एक मुठी सासको घिडघिडो छ, अर्काकी छोरी ल्याएर ।

कृष्ण– आमा, तपाईं यहाँ मसित कराउनुभन्दा बरु जुवाइँकहाँ गएर उसको बाघपञ्जाबाट तपाईंकी छोरीलाई उम्काएर ल्याउनोस् । नानीको आङ्भरि नीलडाम छ रे । कुनचाहिँ रण्डीकहाँ भुलेर चारचार पाँचपाँच दिनसम्म घरबाट बेपत्ता हुन्छ रे । घरकी स्वास्नीको आहार जुरोस् नजुरोस् ।

आमा– सानी दुलहीका पनि त आमा बाबुहरू छन् । उनीहरू पनि तैंले भनेजस्तो भन्दा होओइनन् ।

कृष्ण– मैले भोकभोकै राखेको छु । नीलडाम पर्ने गरेर कुटेको छु । घरबाट बेपत्ता भइरहन्छु । (एकछिनपछि) आफ्नो जीउको सम्भार आफैं पनि गर्न सक्नुपर्छ ।

आमा– छोराछोरी पाएपछि स्वास्नीहरूले कुनामा कसिंगर जस्तै भएर थुप्रिन पनि सक्नुपर्छ ।

(कृष्ण– आमाको कुरा सुन्यो सुनेन !)

आमा– लौ जेसुकै गर्, कति फतफताइरहूँ । (जाँदै) तर म आमालाई हेलाँ गर्नु र त्यो छोराकी आमालाई हेलाँ गर्नु उही कुरा हो, (पर्दै पुगेपछि) उही पाप हो ।

(निस्कन्छन्)

(कृष्ण पनि लामो सास फेरेर जुरुक्क उठ्दछ । लुगा टकटकाउँछ, मनलाई पनि त्यसो गर्न खोज्दछ । अनि उठेर बाहिरी लुगा लगाउन थाल्दछ । युवतिको चिया लिएर प्रवेश ।)

युवति– लौ, गरमागरम ।

कृष्ण– (मन टकटक्याउँदै) हिन्दू चाय कि मुस्लिम चाय ?

युवति– (छुनुमुनु गरेर) दुवै होइन ! इंग्लिश ।

(कृष्ण हँसिलो भएर हातमा चिया लिन्छ ।)

युवति– अँ, यो बाहिरी लुगा लाएर कता नि फेरि ?

कृष्ण– (एक घुट्को चिया सासले थुतेर) चाकरी ।

युवति– लौ चाकरी भो । (अघिदेखि भनुँला भनेको कुरो) बहिनीलाई के गर्ने ?

(कृष्ण अर्को एक घुट्को चिया थुत्तछ)– सारै तातो छ । म पनि त्यही विचारमा छु ।

युवति– अब त अति भो !

(कृष्ण– यो चिया मोरो यस्तै कुरा छ, उभिएर खान असजिलो, पलङमा थचक्क वस्तछ ।)

युवति– (जवाफ अझै पर्खेर) उठबस गर्न पनि गाह्रो भएजस्तो छ ।

कृष्ण– त्यही त भन्या हेर न । (चिया चाँडो चाँडो पिउँछ ।)

युवति– आमाचाहिँ यता एक-दुई महिनादेखि रोगी जस्ती देखेर छोरो पनि त्यस्तै नै हुन्छ भन्ठानेकी थिएँ । जन्मदैखेरि त्यत्रो थियो, अहिले त झन् फस्टाएर आयो । आमाचाहिँ भने–

(कृष्ण– यो चिया मोरो पनि कति चाँडो सिद्धिन्छ ! बस अब एक दुई घुट्का मात्र बाँकी छ क्यारे !)

युवति– (जसलाई सन्नाटा सही नसक्नु भैसक्यो ।) छोरो पाउने वेलामा बज्यैहरू पनि भैदिनुभएन । मैले त नभनेको हो र– बज्यै अब धेरै दिन छैन भनेर । उल्टो बज्यैहरू अझ १५ दिनलाई किमार्थ पाउँदिन भनेर काशीतिर हिँडिहाल्नुभो ।

आखिर मैले भनेकै ठीक हुन आयो । (एकछिनपछि) धाई पनि नराखी भएन । अस्ति नै राख्न बन्दोबस्त गऱ्या । धाईलाई बोलाउन पठाइसकें । धाई राख्ने कुरै गर्न हुन्नथ्यो उसको अगाडि । आज त केही पनि बोलिन । छोरालाई दूध नपुगेको आँखाभरि देख्न परिहाल्यो । अब त– अब त प्राण हुरुक्क जान मात्र बाँकी छ ।

कृष्ण– (चिया सिद्धियो ! लामा सुस्केराले त्यसलाई बिदा दिँदै) मैले के गर्नुपऱ्यो त अब !

युवति– हाम्रो त केही लागेन ।

कृष्ण– तिमीलाई मैले चटक्कै छोडिदिने त !

युवति– जे गरेर हुन्छ ।

कृष्ण– के रे ?

युवति– म त्यो छोराछोरीकी आमाको, सुत्केरीको अपहत्ते हेर्न सक्तिनँ । उसको छाती छिया छिया भएजस्तो छ ।

कृष्ण– तिमीलाई थाहा छ, तिमीलाई मैले जति गरे पनि थोरै नै हुन्छ ।

(युवति– बुझ्न सक्तिन !)

कृष्ण– आमाले भर्खर मलाई त्यही कुरामा भन्नुसम्म भनेर जानुभो । मलाई नै बगरे ठहऱ्याउनुभो । तिमी पनि के मलाई नै दोषी ठहऱ्याउँछयौ ?

युवति– उ अझै बाँच्छे कि ? अलिकति माया गरेर...

कृष्ण– हैन, तिम्रो अगाडि त म किमार्थ दोषी ठहरिन्नँ । मैले अन्याय गरेको छैन । म तिमीलाई सब कुरा एक एक गरेर भनिदिन्छु । छाती उदाङ्ग पारेर खोलिदिन्छु ।

युवति– !

कृष्ण– हैन, बरु यसो गरौँ । हिँड तिमी र म । छोरोलाई त तिमी छाड्न सक्तिनौ हैन ?

युवति– (अरू थोक नबुझे पनि त्यति कुरा त बुझेर) सक्तिनँ ।

कृष्ण– हिँड, तिमी म र छोरा अलग्गै कहीँ टाढै एउटा पहाडको काखमा गएर बस्न जाऔँ । यो संसार ज्यादै नै लिसो लागे जस्तो लाग्यो हामीलाई ।

(युवति– उसको आँखामा त्यस्तो जीवनको तस्बीर खिचिँदै छ ।)

कृष्ण– त्यसैले हिँड । सब टन्टसन्टा पन्छाऔँ । हामी आफूहरूलाई बाहेक अरू सबैलाई बिर्सौं । रमाइलो ठाउँ खोजेर...।

(युवति– उसको आँखा बजेजस्तो छ । –रमाइलै होला–)

कृष्ण– बर्सौं । त्यहाँ म तिम्रो काखमा केही बेर छाती खोलेर रुन्छु । अनि त्यति गरेपछि आनन्दसित बस्छु ।

युवति– (त्यहाँको तस्बीरको साथसाथै यहाँको पनि देखा पर्छ) छोरोकी आमालाई अधकल्चै छोडेर !! (उसले यो अड्काउ देखाएर बोलेकी होइन, उताको चित्र काल्पनिक थियो– यताको वास्तविकताले बोलीसम्म पाएको ।)

कृष्ण– उसो भए तिमी जान्नौ ? (युवतिले केही बोल्न खोजेजस्तो छ ।) भो, मलाई थाहा छ तिमी जान्नौ । (भावावेशमा उठेको मान्छे फेरि थचक्क बस्दछ ।) लौ नजाने । उसो भए यसो गरौं, म मरिदिन्छु । मेरो लाशलाई आधा पारेर काट । अनि दुई सौतासौती एक एक फ्याक बाँडेर लेओ ।

युवति– (उताको विषयमा सम्मति प्रकट गर्न नपाईकनै के आइलाग्यो यो ?) तपाईंले यस्तो के बोलेको यो ?

कृष्ण– अरू के उपाय छ त ? (आफैँ जवाफ दिन्छ) केही पनि छैन । तिमीलाई जतिको अन्याय मैले उसलाई गरेको छैन । तिमीलाई म सब कुरा एक एक गरेर भनिदिन्छु । तिम्रो दाँजोमा उसले केही पनि दुःख पाएकी छैन । तिम्रो अगाडि किमार्थ म दोषी ठहरिन्नँ । यो ठाउँ छोडेर तिमी छोरो लिएर पनि नजाने हैन ? छोराकी आमा ! तिमी कति छोरा छोरीकी आमा हुन्थ्यौ कति ! (जुरुक्क उठेर युवतिलाई

काँधमा समातेर !) तिमीलाई थाहा नै छैन, हेर न तिमीले छोराछोरी नपाएकी मैले गरेर । मैले छोराछोरी नपाउने औषधी खुवाएर, तिमीलाई थाहै नदिएर । बुझ्यो अब त ! (काँधबाट हात हटाएर पछि हट्दै) तिमीलाई माया गरें भनेर को मलाई अन्याय गर्‍यो भन्छ ! तिमीलाई जति माया गरे पनि थोरै छ, प्रायश्चित्तसम्म पनि हुँदैन । (युवतिको मुखाकृति जति जति बिग्रँदै जान्छ, कृष्णको एउटा दोष पखालिएर सङ्लो हुँदै आएको अनुहार अर्को दोषले दागी हुँदै जान्छ ।)

युवति– (उसलाई माया गर्छ भनेको उसको पोइ यही हो ! त्यही पोइसित माया गरेर खेलेको कोठा यही हो !! अनि यो कोठा, यो घरलाई छातीमा ठाउँ दिने संसार पनि यही हो !!! उसको वेदनाले न बोली पाउँछ न बग्ने बाटो । उ हेरेकी हेर्‍यै छ; उभिएकी उभियै । प्राणले छोडेर गए पनि उ ढल्दिन, ठर्री भई नै रहन्छे जस्ती छ ।)

पर्दा

।। दृश्य ४ ।।

(दुलहीको कोठा । वाग्मती उसलाई केटाकेटीलाई जस्तै गरेर गुटुमुटु पारी सुताउन लागिरहिछ ।)

वाग्मती– आज त हजुरलाई हलुका जस्तो छ, हगि ?

(दुलही– उसको पातालो ओठमा हलुका मुस्कान लरबरिन्छ ।)

वाग्मती– मुख पनि उज्यालो छ ।

दुलही– सबैतिरबाट धन्दा-सुर्ता टुटेपछि, हो, त्यस्तो हुन्छ ।

वाग्मती– कसरी निचरिएर कुचुक्क परेर सुत्नुहुन्थ्यो, आज यी यसरी आनन्दसित फुकेर सुत्नुभइरहेछ । पक्का पनि आज हजुरलाई

हलुका छ, जेसुकै भन्नुस् ।

दुलही– मैले हैन भनें र ? साँच्चै मलाई आज आङ त हलुङ्गो लागिरहेछ । जीउमा पखेटा लागेजस्तो । अनि आकाशमा उडेर कावा खाएजस्तो ।

वाग्मती– मैले आज हजुरले खाएकै बाट थाहा पाइसकेकी थिएँ । खाने कुरो गर्‍यो कि कत्रो फर्कोफर्को गर्नुहुन्थ्यो । आज जे कुरालाई पनि रहरलाग्दो मानेर स्वाद ली ली खानुभो ।

दुलही– (किच्च हाँसेपछि) तर झसङ्ग झसङ्ग हुन भने छुटेको छैन । कता पुगेजस्तो हुन्छ । अनि गोडा पनि अलि चिसो जस्तो छ । छामिदे त ।

वाग्मती– (छामेर) हुन्थ्यो अब ? कति तातो छ । हजुरलाई त्यस्तो लागेको मात्र हो ।

(ओछ्यानसमेत तानतुन पारेर गुटुमुटु ओढ्ने ओढाइदिन्छे) ल ।

दुलही– बरु वाग्मती यसरी नसुतूँ । निद्रा लाग्छ । पछिल्तिर पिठ्यूँमा दुइटा बालिष्ट हालिदे । म त्यसको आडमा बस्छु ।

वाग्मती– आः कति झाङ्गलझुङ्गल पार्ने । हुन्न ।

दुलही– हैन, यसरी गुटुमुटु भएर सुतेपछि निद्रा लागिहाल्छ । यस वेला निदाउन हुन्न भन्छन् । फेरि निद्रा लाग्ला लाग्ला जस्तो पनि भैरहेछ । लौ । (जुरुक्क उठ्छे ।)

वाग्मती– (हत्तपत्त उठाउन पुगेर) आम्मै, के गर्‍या यो ! म उठाइहाल्थें नि ! यसरी जुरुक्क उठ्नु हुन्न ! (अनि भनेबमोजिम बालिष्टहरू हालिदिन्छे ।)

(अब दुलही ठीक दर्शकहरूका सामुन्ने पर्दछे ।)

दुलही– पख् पख् । अलि असजिलो भो । यो बालिष्ट अलि सोझ्याउन पुगेन ।

वाग्मती– भो ?

दुलही– (मुस्कुराइदिन्छे । चुराहरू खेलाउँदै एकछिनपछि) हैन,

यसरी बसेपछि त केही गर्नुपर्‍यो ।

वाग्मती– के गर्ने अब फेरि ? चूप लागेर बस्नोस् अब ।

दुलही– हैन–

वाग्मती– के हैन ? बसे पनि भएन, सुते पनि भएन । अब उठेर दगुर्नुस् त । अलिकति आङ हलुका भो, चकचक गर्न लाग्नुभो अब ।

दुलही– (**केटाकेटीले झैं मुस्कुराउँदै**) हैन वाग्मती, आज मलाई चकचक गर्न मन लागिरहेछ । हेर्, यो चुरा कति ठूलो भएछ ? केटा केटीमा मेरो नारी यत्रै थियो, यो दुब्लाएको अनुहार पनि यत्रै होला । आज किन वाग्मती, मलाई केटा-केटी जस्तै भएर दगुरूँ दगुरूँ, उफ्रूँ उफ्रूँ जस्तो लागिरहेछ । बरु के खेलूँ ?

वाग्मती– (**मुस्कुराएर**) के खेल्ने अब ? छोरो खेलाउन पर्ने वेलामा आमा खेल्ने ?

दुलही– बिन्ती वाग्मती, यी सब कुरा मलाई बिर्सिन दे, सबभन्दा त यो छोरोको कुरा । कुरै नउठा । मैले भनेजस्तो गरेर आ न बरु खेलौं । तँ पनि आफ्नू बिहेको कुरा बिर्सी, पोइलाई बिर्सी, घरबाट आधारातमा निस्केको बिर्सी, यहाँ चाकरी लाग्न आएको बिर्सी, छोरो खसेको बिर्सी । खालि माइतको आँगन सम्झी । त्यहाँ चकचक गरेको सम्झी । म पनि पुतलीको बिहे खेल्न पुगेर पुतलीको पोइलाई जस्तै आफ्नू पोइलाई पनि खेल्ने कन्तुरमा थन्क्याउँछु । छोरोलाई पनि सानू पुतलीलाई जस्तै त्यही कन्तुरमा हालिदिन्छु । सम्झी, हामी यो बिहेको खेलदेखि अघायौं । तल बारीमा दर्शनढुङ्गाहरू छन् हैन ? बरु जा न लिएर आ । गट्टा खेलौं ।

वाग्मती– (**छातीमा आँसु उम्लिसकेको छ ।**) बजै ?

दुलही– हो भन्या, जा लिएर आ ।

वाग्मती– खेल्न सक्नुहुन्छ र ?

दुलही– हैन जा न । दर्शनढुङ्गा लिएर आ भन्या । तँ यहाँ (**खाटैमाथि**

एउटा ठाउँ देखाएर) बस्, म यीं छु । (वाग्मती अलि हिचकिचाउँछे) हैन, मैले ठट्टा गरेकी हैन, जा न भन्या । हद्द भन्लान् यी दुइटी सिल्ली भएछन् भन्लान् । त्यसो त मेरो खेल्ने उमेर पनि त त्यतिसाह्रो गइसकेको छैन । भर्खर सोह्र वर्षकी त भएँ ।

वाग्मती– (हाँस्तै) साँच्चै हो त ?

दुलही– हो भन्या । आज एकछिन पनि चूप लागेर नबसूँ जस्तो छ । आज ।

वाग्मती– लौ जान्छु । बजै आज सारसौंदीको जस्तै कुरा गर्नुभैरहेछ । अरु बढी भने पनि हुन्छ । हिजोअस्तिसम्म मात्रै पनि यस्तो भैदिएको भए पनि हुन्थ्यो । हिजो बिहानसम्म त दूध खुवाउँदै हुनुहुन्थ्यो । दूध खुवाउन त्यत्रो रहर थियो हजुरलाई, धाई राखिहाले ।

दुलही– मैले थाहा पाइसकैं । छोरालाई हिजोदेखि दूध खुवाउन ल्याएको खोइ ? मैले यी कुरा बिर्सिन दे भन्या हैन तँलाई ! जा ।

(वाग्मती फुरुक्क परेर गएको देखी उ किच्च हाँस्दछे अनि हावामा रित्तो हातले झन् झन् उफार्दै गट्टा खेलेझैं गर्दछे ।)

(युवतिको प्रवेश)

दुलही– ल्याइपुऱ्याइस् ?

युवति– बहिनी !

दुलही– (युवतिलाई देखेर) ए ! (उसको त्यस्तो जिउँदो देखिएका हात र मुख लत्रङ्ग परेर आउ लिन्छन् ।)

(युवति आएर खाटको छेउमा बस्दछे ।)

दुलही– (युवतिको अनुहार देखेर झस्कँदै उसमाथिको रिसरागसमेत बिर्सेर) दिदी तपाईं किन यस्तो ?

(जवाफमा युवति मुस्कुराइदिन्छे ।)

युवति– आज कस्तो छ बा, तिमीलाई ?

दुलही– (जवाफमा उ पनि मुस्कुराउँछे) अनि ... अनि गट्टा खेल्न मन लाग्यो र वाग्मतीलाई बारीमा दर्शनढुङ्गा लिन पठाएको छु । (गट्टाहरूको कुरा सम्झनासाथ उसलाई गट्टा खेल्न सबलाई बिर्सिन्छु भनेको भाव फर्कन्छ ।)

युवति– हँ ?

दुलही– हो, आज म गट्टा खेल्छु । (अनि खेल बिगारिस् भने तँलाई, खेल बिगार्ने साथीलाई उही केटाकेटी छँदा गरेझैं तिनै गट्टाहरूले नहिर्काए त !)

युवति– जीउले सके खेल । (युवति खाटमा राम्रै गरी बस्दछे त्यो ठाउँमा जहाँ दुलहीले वाग्मतीलाई गट्टा खेल्दाखेरि बस्नू भनेकी थिई ।)

दुलही– (मुस्कुराउँदै) के भो र ? कोही नपाए तपाईं र म खेलुँला ।

युवति– बहिनी, तिमीसित आज धेरै कुरा गर्नु छ ।

दुलही– के कुरा दिदी ? (सबै कुरा गर, खेल बिगार्ने कुराचाहिँ नगर !)

(युवतिलाई अकस्मात् खोकी आउँछ र थुक्न ऋ्यालमा
जान्छे । अनि फर्केर बीचमा आइपुगेकी मात्र के
हुन्छे, फेरि खोकी आउला जस्तो
हुन्छ, उ त्यहीं उभिन्छे ।)

युवति– बहिनी, के गरूँ तिमीले यस्तो विधि दुःख पायौ, तैपनि तिमीलाई मभन्दा धेरै भाग्यमानी भन्नुपर्छ । मेरो त ...

दुलही– (लौ, नभन्दै खेल बिगारिदी यसले ! त्यसैले लौ हान् दर्शनढुङ्गाले यसलाई !) म भाग्यमानी ? तपाईंसित मेरो यस्तो दुर्गतिमाथि अब दया पनि सिद्धियो हैन ? अब गिज्याउन लाग्नुभो । (आँखा चिम्लेर ढुङ्गाले हिर्काउँदै) तपाईंले मलाई ढाँटेर यो घरभित्र हुलिदिनुभो ! जबर्जस्तीसित छोरो पाउन लाउनुभो । अनि जब छोरो पाएँ, त्यसलाई खोसेर लिनुभो !

आफ्नै दाइजो जस्तो गरेर । तिमीले गर्दा मेरो खाना धूलो भएर उडच्यो, मेरो प्राण राख्ने पानी बाफियो । बिनसित्तिमा मैले यो दुःख भोग्नुपऱ्यो । मैले कसैको केही बिगारेकी थिइनँ । (लौ वाग्मती, हाम्रो खेल बिगारिदिने यही हो ! लौ तँ पनि बजा यसलाई) बोक्सी कहाँ की ! मेरो पोइलाई तैंले भेडो तुल्याइस् । तँ जस्तीलाई मैले मेरो छोरो पत्याउनुपरेको छ । भैगो तैंले पाल्नपर्दैन मेरो छोरालाई । लौ अहिले लिएर आ, जा । (त्यसरी केटाकेटी जस्तै उफ्री खेल बिगार्ने साथीलाई ढुङ्गाले हिर्काइरहेकी मान्छे, नराम्रोसित लत्रङ्ग परेर बालिष्टमा थचारिन्छे । आँखा भयानक छ ।)

युवति– (यतिका भनाइले पनि केही विचलित नभएर) बहिनी, म मायाको गङ्गामा पौडँदैछु भनेको त भासमा पो परेकी रहिछु । बहिनी, मेरो कुरा त सुनिदेऊ । तिमीलाई भन्दा पनि बढ्दा मलाई अन्याय भएको छ । (अलि नजिकै गएर) तिमीलाई म यो घर तिम्रो जिम्मामा सुम्पिन आएकी । यो घर सब तिम्रो हो, म पन्छिदिन्छु सुन्यौ ? (अझ नजिक गएर) हैन के भो यो ? (दुलहीको हात छाम्छे, खुट्टा छाम्छे । अनि आत्तिएर) वाग्मती ! बज्यै ! हरे, के भो यो ?

(खाटमुनि बसेर थक्क थक्क पर्दै) बहिनी, म माफी माग्न आएकी । तिमीसँगसँगै बसेर रुन आएकी । मलाई मात्रै कहाँ माया गरेको रहेछ र ? मलाई पनि–

(दुलहीको मरेको टाउको लत्रक्क झुण्डिन्छ ।)

(त्यही थलोबाट डाँको) वाग्मती ! बज्यै !

वाग्मती– (दौडँदै पसेर) किन बज्जै ? के भो ?

युवति– लौ न ! (वाग्मती खुट्टा समात्न पुग्छे ।)

(भक्कानु फोरेर दुलहीतिर देखाइदिन्छे ।)

(वाग्मतीलाई दुलहीको अवस्था जति जति ज्ञान हुँदै जान्छ उति उति धेरै भएर उसको सप्कोमा पोको परेका गट्टाहरू भुइँमा छरिएर झर्दैछन् ।)

पर्दा

।। दृश्य ५ ।।

(कृष्णाको कोठा । उ निन्याउरो ज्याउरो भएर टुक्रुक्क बसिरहेछ । युवतिको प्रवेश । पत्थरको मूर्ति जस्तै उ साही देखिइरहिछ । उसले बोलेको पनि पत्थरको मूर्तिले बोलेको होला जस्तो छ । उसको आवाजबाट सुनौला स्निग्धता हराएर खालि फलामे कठोरता र वेदना बाँकी रहेजस्तो ।)

युवति– (कृष्णले उ आएको थाहा पाएको छैन, त्यसैले केही बेर थाहा पाउन् कि भनेर पर्खेर) म जान लागेँ ।

कृष्णा– कहाँ ? दुई-चार दिनलाई दिन काट्न माइत जाने ?

युवति– हैन ।

कृष्णा– कहाँ त ? हैन केही दिनको निम्ति माइतै गए बेश, त्यतिन्जेल यहाँको यो जूठोको झन्झट पनि सिद्धिन्छ । अनि तिमी र म कहीँ अन्तै जाऔँला ।

(युवति कृष्णालाई खूब हेर्दछे ।)

कृष्णा– हुन्न ?

युवति– अझ पनि मलाई साथमा लैजान पुगेको छैन ? प्रायश्चित्त गर्न अझै बाँकी छ र ? यतिको माया गरिसकेपछि पाप जरुर पखालिइसकेको होला । तपाईंसित म कहाँ सँगै जाने ? आज त तपाईंको र मेरो बाटो छुट्टिन्छ । तपाईं आफ्नो बाटो लाग्नोस्, म आफ्नो लिन्छु ।

कृष्णा– हैन, तिमी कहाँ जाने ?

युवति– आफ्नू बाटो ।

कृष्ण– मलाई छोडेर कहाँ ?

युवति– यहाँ उहाँ त मलाई थाहा छैन । यत्ति थाहा छ, मलाई यो घरमा एकैछिन पनि बस्न मन छैन ।

कृष्ण– (जसले यस्तो होला भन्ने स्वप्नमा पनि देखेको थिएन ।) एक्लै ?

युवति– एकलै ? हो, एकलै त हो त । म एकलै हुन जान लागेको । पोइल जान लागेको होइन ।

कृष्ण– (जसले यस्तो जवाफ पाउँला भनेर चिताएकै थिएन ।) हरे !

युवति– स्वास्नीमान्छेहरू पनि एकलै निर्भय हिँड्न सक्छन् ।

कृष्ण– तिमीले मलाई यो सहन नसकिने सजाय दिन लाग्यौ ।

युवति– सजायँ !? तपाईंलाई सजायँ दिन सक्ने तागत हामीसित कहाँ छ र ? त्यो तागत भए बहिनीले किन मर्नुपर्थ्यो, किन बेकसूरमा मेरो यस्तो गति हुन्थ्यो ! बिनाकसूरमा निर्भय भएर सजायँ दिने अधिकार त तपाईंलाई पो छ त । हामी त कसूरदारलाई पनि सजायँ दिन पाउँदैनौं ।

कृष्ण– तिम्री बहिनीलाई उसो भए मैले मारूँ ?

युवति– (निर्भय) कल्ले त ?

(कृष्ण जिभ्रो समातिएझैं बोल्न सक्तैन ।)

(एकछिन सन्नाटा)

कृष्ण– साँच्चै तिमी मलाई छाडेर जाने ?

युवति– हो । म यो मसानमा एकछिन पनि टिक्न सक्तिनँ, यो घरमा स्वास्नीमान्छेहरूको जिउँदै दागबती हुँदो रहेछ ।

(कृष्ण डुब्न लागेझैं गरी निसास्सिरहेछ,
त्यसैले उ हरएक निर्धो त्यान्दोलाई
भए पनि समात्दो छ ।)

कृष्ण– तिमीलाई मेरो माया लाग्दैन ?

युवति– तपाईंले मलाई यस्तो स्वार्थी बनाइदिनुभो कि मलाई

आफूबाहेक अरू कसैको वास्तै छैन । मेरो निम्ति संसारमा आफ्नू घाउबाहेक अर्को जिउँदो कुरै छैन ।

कृष्ण– (केही लागेन डुब्यो, तर फेरि देखा पऱ्यो) तिमीलाई मसित बस्न सक्तिनँ भन्ने पक्का भइसक्यो ? मेरो विश्वास गर, म तिमीलाई जानी जानी दुःख दिन्नँ ।

युवति– योभन्दा बढी अरू थोक तपाईं के गर्न सक्नुहुन्छ र मलाई दुःखको डर होस् । तर जो आमाहरूको अस्तित्व गुमेको, बहिनीहरूको बिचल्ली भएको हात बाँधेर टुलुटुलु हेर्न सक्छ, त्यस्ता नामर्दको के विश्वास !

कृष्ण– (ब्रह्मास्त्र छोडेँ भन्ने ठानेर) मलाई यस्तो भन्ने चिनिहाल्यौ । मेरो भरमा तिम्रो छोरालाई पनि छोडेर जान्छ्यौ ?

युवति– हो ।

कृष्ण– (ब्रह्मास्त्रमा अझै भर गरेर) निठुरी !

युवति– त्यसको निम्ति मसँग के छ र ? मसित के रस छ र त्यसले चुस्छ ! अहिले त्यसलाई कसैको छाती सुकाउन पाए पुग्ने न हो । त्यसो गर्न धाई छँदै छे । (एकैछिनपछि) हैन, तपाईं म नजाओस् भनेर के यी नचाहिँदा अड्काहरू देखाइरहेको हँ ? तपाईंलाई मेरो मासुको माया हैन ? तपाईंलाई त्यो चाहिन्छ भने लौ बहिनीले जस्तै गरेर म छोडेर जान्छु । अनि दुवैको लाशमाथि गिद्ध भएर बस्नोस् । त्यसै गरूँ ? (कृष्ण नीलो हुन्छ) मफतको यो कति कचकच ! लौ, हिँडेँ अब ।

कृष्ण– (अझै अर्को त्यान्द्रो समातेर) पोइलाई यसरी छोडेर जानु तिम्रो कर्तव्य हो ?

युवति– आमा गुहारेर केही भएन, दयाको खुट्टा परेर केही चलेन । अब लट्ठी देखाएर तर्साउन खोजेको ? बल्ल आफ्नू सच्चा स्वरूपले देखापर्नुभो... पोइ ! मैले यो मसान पनि छोड्न नपाउने ? आफूलाई चाहिँ जे गरे पनि हुने अधिकार,

अर्कालाई बिराउनै नहुने कर्तव्य ! यो कहाँको न्याय हो ? तपाईं मलाई साँच्चै नै छोड्दिनँ भन्नुहुन्छ भने मैले तपाईंलाई अघि नै भनिदिइसकेकी छु मेरो लाश लिएर बस्नोस् । (एकैछिनपछि) एक किसिमले म तपाईंकी बिहाइते पनि त हुन आइनँ ! म त तपाईंकी भोगिनी, रखौटी !

कृष्ण– (हारेर अनि ज्यादै दुःखी भएर) मलाई तिमीले जीवनभरको दुःखी तुल्याएर जान लाग्यौ ।

युवति– तपाईंले मेरो जीवन नै खल्लो तुल्याइदिनुभो ।

(युवति जान लाग्दछे)

कृष्ण– पख, मेरो एउटा प्रार्थना सुनेर जाऊ । अर्को जन्ममा (मलाई अरू केही इच्छा छैन !) म तिम्रो छोरो भएर जन्मूँ !

(युवति निस्कन्छे ।)

पर्दा

उपसंहार

मैले कृष्णलाई अस्ति मात्र महाङ्गालपछाडि टुँडिखेलमा चिनें । चाकरीमा आएको रहेछ । त्यस्तो किसिमको मान्छेको अनुहार केही अनौठो होला भनेको त कृष्ण तपाईं-हामीजस्तिकै शहरिया रहेछ ।

वाग्मती पनि आजकाल मकहाँ चाकरी लाग्न आएकी छ । उसले दिएको कृष्णको हुलिया मिलेर मात्र मैले कृष्णलाई चिन्न पुगेको होइन, उसित त्यहाँ गफ गरेर बस्ने मेरो एउटा पुरानो साथी रहेछ । मेरो साथीले कृष्णको बारेमा अरू कुरा पनि गऱ्यो । युवतिको केही पत्तो छैन रे । कृष्णले निक्कै दिनसम्म त साथीभाइलाई उ माइत गएकी छ भनेको रहेछ ।

विचरा भोटू त खसेछ । कृष्णको बहिनी (नानी) अरू छोरा छोरीहरूसित माइती नै आएर बसेकी छन् रे– पोइको चाल सहिनसक्नु भएर ।

अनि कृष्णका आमाबाबु दुवै काशीवास गएछन् । छोरो त वाँचेको छ र कृष्णको अर्को बिहेको कुरा पनि राम्रै चलिरहेछ रे ।

वाग्मतीवाट थाहा पाएको कुराबाट यो नाटक लेखें । कृष्णको अनि खास गरेर युवतिको विषयमा अरू कुरा जान्ने मलाई अझ खुल्दुली छ । थाहा पाइए भने ती कुराहरूले पनि अर्को नाटकको रूप लिन बेर छैन । कृष्णसित चिनापर्ची त बनाउँदै छु ।

साझा प्रकाशनबाट प्रकाशित केही नाटक एकाङ्कीहरू

अनादिक्रम	अशेष मल्ल
अभिज्ञान शाकुन्तल	खड्गमान मल्ल
अविवाहिता श्रीमती मेनका (नाटचोपन्यास)	खगेन्द्र प्रधानाङ्ग
ईथर	सरुभक्त
केही लघुनाटक	रश्मि खतिवडा
गङ्गालालको चिता	हृदयचन्द्रसिंह प्रधान
गोलार्द्धका दुई छेउ	गोपाल पराजुली
चौतारा लक्ष्मीनारायण	भीमनिधि तिवारी
च्यातिएको पर्दा	गोविन्द 'गोठाले'
जनताको शत्रु	अनु. आनन्ददेव भट्ट
नेपाली एकाङ्की भाग १, २, ३	सं. डा. केशवप्रसाद उपाध्याय/ गोपीकृष्ण शर्मा/भिक्टर प्रधान
प्रह्लाद	बालकृष्ण सम
मिल्किएको मणि	रमेश विकल
मूर्ति बोल्छ	फणीन्द्रराज खेताला
यो प्रेम !	गोपालप्रसाद रिमाल
विष्णुमाया नाटिका	पहलमानसिंह स्वाँर
शकुन्तला नाटक	शम्भुप्रसाद ढुङ्गेल
साझा एकाङ्की	सं. चूडामणि बन्धु
सावित्री-सत्यवान	लक्ष्मीप्रसाद देवकोटा
हिमालपारि हिमालवारि	माधव घिमिरे

ISBN 99933-4-098-7

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन ५-२१०२३